विपद् जोखिम न्यूनीकरण राष्ट्रको एजेण्डा बन्नुपर्छ : गृहमन्त्री श्रेष्ठ | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक ३०९ • २०७९ साल चैत २२ गते बुधवार (5 April, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।–

## सत्तारुढ गठबन्धन यादवको पक्षमा

टुडे समाचारदाता

काठमाण्डु । सत्तारुढ गठबन्धनमा रहेका प्रमुख ५ दलले बारा-२मा जनता समाजवादी पार्टी(जसपा)का अध्यक्ष उपेन्द्र यादव, तनहुँ-१ मा कांग्रेसका गोविन्द भट्टराई र चितवन-२ मा कांग्रेसकै जितनारायण श्रेष्ठलाई समर्थन गरेको छ।

गठबन्धनका प्रमुख दलहरु नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एस, जसपा, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले मंगलवार जारी गरेको संयुक्त विज्ञप्तिमा बारा, तनहुँ र चितवनमा समर्थन गरेका उम्मेदवारहरुको नाम सार्वजनिक गरिएको छ।

विज्ञप्तिमा प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड', कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल, जसपाका अध्यक्ष उपेन्द्र यादव र लोसपाका अध्यक्ष महन्थ ठाकुरले हस्ताक्षर गरेका छन्।

सत्तारुढ गठबन्धन दलको विज्ञप्तिमा साझा उम्मेदवार हरुलाई जिताउन सबै नेता, कार्यकर्ताहरुलाई सकृयता साथ लाग्न आग्रह गरिएको छ।

तर सत्ता गठबन्धनमा रहेकै दाबी गर्ने जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी , नेपाल समाजवादी पार्टी र आम जनता पार्टीले बारा-२ मा छुट्टा छुट्टै उम्मेदवारी दर्ता गराएका छन्।

जनमतबाट शिवचन्द्र कुशवाहा, नागरिक उन्मुक्तिबाट कमरुला अन्सारी र आम जनता पार्टीबाट अरुणकुमार ज्ञवाली उम्मेदवार रहेका छन्। नेपाल समाजवादी पार्टीले उम्मेदवार नउठाए पनि मौन देखिएको छ।

तीनै जिल्लामा हुने उपचुनावका लागि सोमवार उम्मेदवारी दर्ता गरिएको छ।मंगलवार दाबी विरोध र बुधवार उम्मेदवारी फिर्ताको समय रहेको छ।

सत्ता साझेदार दलका शीर्ष नेताहरुको बैठक अबेर सांझ प्रधानमन्त्री प्रचण्डको सरकारी निवास बालुवाटारमा बसेको थियो।बैठकले गठबन्धनका उम्मेदवारहरुको समर्थनमा विज्ञप्ति जारी गर्दै सरकारको न्यूनतम् साझा कार्यक्रमबारे छलफल गरेको बताइएको छ।

### मधेश प्रदेश सरकारबाट एमाले 'आउट'

## कांग्रेस, लोसपा र नेकपा एस सरकारमा 'ईन' हुने

टुडे समाचारदाता

जनकपुरधाम । नेकपा एमालेका मन्त्रीहरुले मधेश प्रदेश सरकारबाट राजीनामा दिएका छन् । एमाले मधेश प्रदेश संसदीय दलका नेतासमेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादवले मंगलवार दिउँसो मुख्यमन्त्री सरोज कुमार यादवलाई सामूहिक राजीनामा बुझाएका छन्।

एमाले दलका नेता यादवलाई मुख्यमन्त्री यादवले राजनीतिक समीकरण फेरिएकाले राजीनामा दिन आग्रह गरेका थिए।केन्द्रीय सत्ता गठबन्धन परिवर्तन भइसकेको र संघीय सरकारबाट एमाले बाहिरिएको अवस्थामा मधेश प्रदेश सरकारबाट हटाउन नेपाली कांग्रेसले जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवमाथि दबाब बनाएका थिए।

मधेश प्रदेश सरकारमा एमालेका ४ जना मन्त्री र १ जना राज्यमन्त्रीको राजीनामा मुख्यमन्त्रीले स्वीकृत गरेका छन्।एमालेबाट सरकारमा सहभागी मन्त्री र राज्यमन्त्रीले दिएको राजीनामा स्वीकृत गरिएको मुख्यमन्त्री यादवले बताए।

'संघीय सत्ता गबठन्धन फेरिएर अर्को गठबन्धन बनेको छ 'मुख्यमन्त्री यादवले भने, मधेश प्रदेश सरकारमा पनि त्यसको प्रभाव परेको छ।

मधेश प्रदेश सरकार गठनमा एमालेले समर्थन गरेका थिए। जसपा संसदीय दलका नेता सरोजकुमार यादवको नेतृत्वमा प्रदेश सरकार गठनका लागि एमाले, जनमत पार्टी मुख्य थिए।यद्यपि मुख्यमन्त्री यादवलाई प्रदेश सभामा रहेका सबै सभासदले विश्वासको मत दिएका थिए।



मधेश प्रदेशको बारा-२ मा वैशाख १० गते निर्वाचनका लागि चैत २० गते उम्मेदवारी दर्ता गरिएको छ।मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव चुनाव लडेका छन्।नेकपा एमालेले पनि उम्मेदवारी दिएको कारण मधेश प्रदेश सरकारबाट मन्त्रीहरुलाई नहटाइएको मुख्यमन्त्री यादवले प्रष्ट्याएका छन्।

'केन्द्रीय स्तरमा दलहरुको गठबन्धनकै आधारमा सबै प्रदेशमा सरकार फेरबदल हुँदैछ ' उनले भने, मधेश प्रदेशमा पनि केही मन्त्री हट्ने केही थपिने प्रकृया अगाडि बढेको छ। एमाले संसदीय दलका नेता एवं निवर्तमान मन्त्री सरोज यादवले जनाए अनुसार फरक गठबन्धनको कारण सरकारमा रहँदा मुख्यमन्त्री यादवलाई काम गर्न सहजताका लागि सरकारबाट बाहिरिएको बताए।'झण्डै ३ महिना सरकारमा रहँदा परस्पर सहयोग र सद्भाव रहेको थियो' उनले भने, राजनीतिमा यस्ता घटनाहरु अस्वभाविक नभए पनि सरकारलाई ५ वर्षको लागि गरेको समर्थन बीचमै तुहिएको छ।

'मधेश प्रदेश सरकारमा अब कांग्रेस, लोसपा र नेकपा एसको सहभागिता हुन्छ 'मुख्यमन्त्री यादवले भने, मन्त्रिमण्डल विस्तार चुनावपछि मात्र हुनेछ।उपनिर्वाचनका लागि आचारसंहिता जारी भइसकेकाले मन्त्रिमण्डल विस्तार गर्न नमिल्ने उनले बताए।

एमालेका ४ जना मन्त्रीको राजिनामाले रिक्त भएका मन्त्रालयहरुको कार्यभार मुख्यमन्त्री यादवलाई नै थपिएको छ।एमालेबाट भौतिक पूर्वाधार विकास मन्त्री यादव, गृह तथा सञ्चार सत्रुधन प्रसाद सिंह कोइरी, न्याय, कानुन तथा प्रदेश मामिला मन्त्री राजकुमार लेखी र महिला, बालबालिका, युवा तथा खेलकुद मोहम्मद जैद आलम र गृह तथा सञ्चार राज्यमन्त्री केशव राय रहेका थिए।

सरकारबाट एमाले हटे पनि समर्थन फिर्ता नलिएको कारण मुख्यमन्त्री यादवलाई तत्काल विश्वासको मत लिनुपर्ने आवश्यकता नरहेको जसपाका नेता हरिनारायण यादवले बताए।'प्रदेशको सर्वसम्मत मुख्यमन्त्री रहेकाले विश्वास मतको कुनै समस्या छैन्' उनले भने, एमालेले समर्थन फिर्ता लिएको घोषणा गरेपछिको बखत विश्वास मत पनि लिइनेछ।


सरकारबाट समर्थन फिर्ता नलिए पनि सरकार बाहिर भइसकेपछि प्रदेश सभामा सबै भन्दा ठूलो दलको हैसियतमा प्रमुख प्रतिपक्षी दलको भूमिका एमालेले निर्वाह गर्नेछ।

'प्रदेश सभामा अब हाम्रो भूमिका प्रमुख प्रतिपक्षको हुनेछ 'एमाले दलका नेता यादवले भने, एमालेले प्रतिपक्षमा रहेर पनि सरकारलाई सकारात्मक काममा रचनात्मक सहयोग गर्नेछ।

मधेश प्रदेशको सभामुख , ४ मन्त्रालय र १ राज्यमन्त्री लिएर एमालेले जसपासित गठबन्धन गरेको थियो ।गठबन्धन भत्किए पनि मधेश प्रदेशका सभामुखमा एमालेका रामचन्द्र मण्डल नै रहेका छन्।कांग्रेसले एमालेको भागमा रहेका मन्त्रालय र सभामुख ताकेका छन्।

प्रदेश सभा सदस्यहरुको खाता खोल्ने विषयमा कांग्रेस र सभामुख मण्डलबीच विवाद भएको थियो।सो विषयलाई कांग्रेसले सभामुखको पदीय आचरण विपरीत कार्य गरेको अभियोग लगाएर पदमुक्त गर्ने तयारीमा रहेको छ।



# नेपाली सेनाले विश्वमा मुलुकको प्रतिष्ठा बढाएको छ : प्रधानसेनापति

काठमाण्डु । प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेनाले विश्वमा देशको प्रतिष्ठा बढाउने काम गरेको बताउनुभएको छ ।

श्री नं ९ बाहिनी अड्डाअन्तर्गत रामेछापको मन्थलीमा मंगलबार आयोजित भूतपूर्व सैनिक सम्मेलनको उद्घाटन गर्दै उहाँले भन्नुभयो, "देशको भौगोलिक अखण्डता, राष्ट्रिय एकता र जनताको रक्षा गर्नु हाम्रो प्रमुख संवैधानिक दायित्व हो ।" यसका साथै सेनाले विकास निर्माण तथा पर्यावरण संरक्षणमा योगदान गर्दै आएको उहाँको भनाइ छ । नेपाली सेनाले सयुक्त राष्ट्रसङ्घअन्तर्गत विश्वशान्ति स्थापनामा समेत ठूलो योगदान गरी विश्वमा नेपालको प्रतिष्ठा बढाएको उहाँको भनाइ छ ।

प्रधानसेनापतिले लामो सैनिक जीवनमा प्राप्त ज्ञान र सीपलाई आफू बसोबास गरिरहेको स्थानमा प्रयोग गर्दै सदैव राष्ट्रको हित साथै नेपाली जनताको सेवामा आ-आफ्नो क्षेत्रबाट समर्पित रही आफूलाई सदैव एक अनुशासित सैनिक र सच्चा नेपाली नागरिकका रूपमा प्रस्तुत गर्न आग्रह गर्नुभयो ।

सम्बोधनकै क्रममा उहाँले भूतपूर्व सैनिकको जीवनलाई थोरै भए पनि सरल, सहज र सुखी बनाउन नेपाली सेना प्रयत्नशील रहेको बताउनुभयो । उहाँले सैनिक कल्याणकारी कोषको रकम पारदर्शीरूपमा सदुपयोग गर्दै सीमित स्रोतसाधनका बाबजुद शिक्षा, स्वास्थ्य, स्वरोजगार र सहुलियतमार्फत सम्पूर्ण हिताधिकारीलाई सुविधा उपलब्ध गराउँदै आइरहेको र थप सेवा विस्तारमा नेपाली सेना प्रयत्नशील रहेको बताउनुभयो ।

कार्यक्रममा सेनाका बलाध्यक्ष रथी सीताराम खड्काले कल्याणकारी गतिविधिलाई सरल, सहज र बिस्तार गर्न निरन्तर प्रयास भइरहेको कुरा बताउँदै यस्ता सम्मेलनले भूपु सैनिकबीच आपसी भेटघाट र मिलनसमेत हुने धारणा व्यक्त गर्नुभयो ।

कल्याणकारी बोर्डका प्रमुख कार्यकारी अधिकृत गौरव तन्डुलले सेनामा हिताधिकारीको आयमंगलबार्रनकानयाँक्षेत्रपहिचान गर्दै लगानीमार्फत कल्याणकारी कार्यमा नयाँ सोचका साथ अघि बढ्ने बताउनुभयो ।

सेनाको श्री नं ९ बाहिनी अड्डाअन्तर्गत रामेछापमा स्थायी बसोबास गर्ने भूतपूर्व सैनिकका लागि लक्षित गरी 'भूतपूर्व सैनिक सम्मेलन, २०७९' गरिएको हो । मंगलबारै सोही समयमा दोलखा र सिन्धुलीमा समेत उक्त जिल्लामा स्थायी बसोबास गर्ने भूतपूर्व सैनिकका लागिसमेत भूपु सैनिक सम्मेलन आयोजना गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

सम्मेलन जङ्गी अड्डाको व्यवस्थापन तथा नेपाली सेना कल्याणकारी बोर्डको संयोजकत्वमा भएको हो । भूपु सैनिकको कल्याणकारी कार्यलाई समन्वय गर्ने उद्देश्यले विसं २०७० असोज २१ गते नेपाली सैनिक कल्याणकारी बोर्डको स्थापना भएको हो ।

नेपाली सैनिक कल्याणकारी बोर्डको स्थापना भएसँगै नेपाली सेनाले मुलुकका विभिन्न क्षेत्रमा निरन्तररूपमा भूपु सैनिक सम्मेलन गर्दै आएको छ । हाल निवृत्तिभरणमा राजीनामा स्वीकृति भएका भूपु सैनिकको सङ्ख्या ८१ हजार छ सय ४३ रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । पारिवारिक निवृत्तिभरण उपभोग गर्नेको सङ्ख्या १५ हजार आठ सय ७२ समेत गरी कूल निवृत्तिभरण उपभोग गर्नेको सङ्ख्या ९७ हजार पाँच सय १५ जना रहेको सैनिक प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले जानकारी दिनुभयो ।

सम्मेलनमा भूपु सैनिकका प्रतिनिधिद्वारा मार्च, झाँकी प्रदर्शन, राष्ट्रिय गीतमा सामूहिक नृत्य, पिटी र सैनिक ब्याण्ड प्रदर्शन, ज्येष्ठ सैनिक सम्मान, 'ह्वील चियर' तथा बैसाखी वितरण, चारभन्दा बढी सन्ततिलाई सेनामा प्रवेश गराउने आमा/बाबुलाई सम्मान, शताब्दी पुरुष/महिला सम्मान र अन्तर्क्रिया तथा छलफलसमेत गरिएको थियो । रासस

मन्त्रिपरिषद्को निर्णय

# सुरक्षा खर्चको मापदण्ड खारेज गर्ने



काठमाण्डु । सरकारले शान्तिसम्बन्धी कार्यमा हुने खर्चको मापदण्ड, २०७८ खारेज गर्ने निर्णय गरेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मंगलबार सार्वजनिक भएको मन्त्रिपरिषद्को यही चैत २० गतेको निर्णयमा उक्त मापदण्ड खारेज गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो ।

सरकारले मिटरब्याजी समस्या सम्बन्धमा सिफारिस गर्न विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा पूर्व नायब महान्यायाधिवक्ता गणेशबाबु अर्याल र पूर्व प्रहरी नायब महानिरीक्षक उत्तमबाबु सुवेदी रहेको जाँचबुझ आयोग गठन गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्ले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने निर्णय गरेको छ । नेपाल-चीन कूटनीतिक परामर्श संयन्त्रको १५औँ बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौडेलको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल पठाउने निर्णय गरिएको मन्त्री शर्माले जानकारी दिनुभयो ।

पूर्व-पश्चिम लोकमार्गअन्तर्गत नारायणघाट-बुटवल सडकखण्डमा पर्ने राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने सरकारले निर्णय गरेको छ । त्यस्तै, जोगमाई क्यासकेड जलविद्युत् आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय गरिएको छ ।

मन्त्रिपरिषद् विधेयक समितिबाट पेश भएको मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०७९ स्वीकृत गर्ने र मन्त्रिपरिषद्का समिति (राजनैतिक समिति, प्रशासन समिति, विधेयक समिति, सामाजिक समिति र आर्थिक पूर्वाधार समिति) गठन गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को यही चैत १० गतेको बैठकले आर्थिक वर्ष २०८०/८१ मा प्रदेश र स्थानीय तहलाई उपलब्ध गारउने राजस्व बाँडफाँटको ढाँचा र हिस्सा एवं वित्तीय समानीकरण अनुदान वितरणको अनुमानित सीमा स्वीकृत गर्ने निर्णय गरेको छ ।

मन्त्री शर्माले भरतपुर अस्पताल तथा भेरी अस्पताललाई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको आंगिक अस्पतालको रुपमा सञ्चालन गरी शैक्षिक कार्यक्रम विस्तार गर्ने निर्णय गरेको जानकारी दिनुभयो

मन्त्रिपरिषद्को यही चैत १४ गतेको बैठकले नेपालको पूर्वी पहाडी क्षेत्रमा रहेका वन, भूमि तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि विश्व वातावरण सुविधाबाट करिब रु ५५ करोड अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

जुरे पहिरो पीडितका लागि जनस्तरबाट सङ्कलित रकम जिल्ला विपद् व्यवस्थापन समितिबाटै स्थानीय तहको समन्वयमा स्पष्ट खाका र मापदण्ड बनाई पीडितलाई नगद राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुपाल्चोकलाई निर्देशन दिनेसमेत निर्णय भएको छ । रासस

# व्यावसायिक फर्ममाथि कारबाही



वीरगञ्ज । बिनाअनुमति सञ्चालन भएका तथा तोकिएको मापदण्डविपरीत सामान बिक्री गर्ने पर्साका ६४ व्यावसायिक फर्ममाथि कारबाही गरिएको छ ।

अनुगमनका क्रममा म्याद गुज्रेका सामान बिक्री गर्ने, मूल्यसूची नराख्ने, खरिद बिल नकाट्ने र इजाजत नलिएका ६४ व्यावसायिक फर्ममाथि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज पर्साले कारबाही गरेको हो ।

चालु आर्थिक वर्ष २०७९/८० को आठ महिना अवधिमा ती व्यावसायिक फर्ममाथि गरिएको कारबाहीबाट रु एक लाख ४९ हजार राजस्व सङ्कलन भएको सो कार्यालयका सूचना अधिकारी दिलीप खड्ग खत्बेले जानकारी दिनुभयो ।

यस्तै चालु आव २०७९/८० को आठ महिना अवधिमा प्राइभेट र साझेदारी फर्म गरी दुई सय ४३ वटा व्यावसायिक फर्म दर्ता भएको जनाएको छ । सो अवधिमा एक हजार छ सय ३९ प्राइभेट फर्म र ४३ साझेदार फर्मको नवीकरण गरिएको र छ सय ७७ प्राइभेट तथा १३ साझेदार फर्म संशोधन गरिएको सूचना अधिकारी खड्गले बताउनुभयो ।

यस्तै उक्त अवधिमा एक सय ७५ वटा प्राइभेट र पाँचवटा साझेदार फर्मको दर्ता खारेज गरिएको उहाँले जानकारी दिनुभयो । ती सबै शीर्षकबाट रु ८० लाख ३४ हजार तीन सय राजस्व सङ्कलन भएको सूचना अधिकारी खड्गले बताउनुभयो । म्याद गुज्रिएको सामान बिक्री गर्ने, खरिद र बिक्री बिल नकाट्ने तथा मूल्यसूची नराख्ने प्रवृत्ति बढेकाले बजार अनुगमनलाई निरन्तता दिएको कार्यालय प्रमुख सुरेशकुमार रेग्मीले जानकारी दिनुभयो । रासस

# चलचित्र 'प्रसाद-२' प्रदर्शन नगर्न आदेश

काठमाण्डु । उच्च अदालत पाटनले चलचित्र 'प्रसाद २' प्रदर्शन गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ । न्यायाधीश सुदर्शनराज पाण्डेको एकल इजलासले आज उक्त चलचित्रको आउँदो शुक्रबारदेखि प्रदर्शन गर्ने कार्य तत्काल नगर्न नगराउन आदेश दिएको हो ।

चलचित्र निर्माता सुवास थापाले आफ्नो रकम नदिएको उल्लेख गर्दै चलचित्र निर्माताका रुपमा चिनाइएको तर पछि नाम हटाएपछि केशव पाण्डेले प्रदर्शन रोक्न माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो ।

पाण्डे अदालत जानुअघि चलचित्र विकास बोर्डमा उजुरी दर्ता गर्न अस्वीकार गरेपछि अदालत पुग्नुभएको हो । उक्त विवादमा दुवै पक्षलाई छलफलका लागि यही चैत २६ गते बोलाइएको छ । रासस

# स्वास्थ्य तथा जनसंख्या वैज्ञानिक सम्मेलन

काठमाण्डु । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले स्वास्थ्य तथा जनस्त्या वैज्ञानिकको नवौँ राष्ट्रिय शिखर सम्मेलन गर्ने भएको छ ।

मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा परिषद्का सदस्य सचिव डा प्रदीप ज्ञवालीले सरकारलाई नेपालको स्वास्थ्य नीति निर्माणमा सहयोग पुग्ने उद्देश्यले सम्मेलन गर्न थालिएको जानकारी दिनुभयो । उहाँका अनुसार सम्मेलन यही चैत २८ र २९ गते काठमाडौँमा हुनेछ ।

सम्मेलनमा नेपालबाट पाँच सयभन्दा बढी स्वास्थ्य अनुसन्धानकर्ता र वैज्ञानिक तथा विभिन्न १० देशका प्रतिनिधि सहभागी हुने बताइएको छ । सदस्य सचिव डा ज्ञवालीले एक सय ५० भन्दा बढी कार्यपत्र प्रस्तुत गरिने छन् । यस्तै एक सय ३७ मौखिक प्रस्तुति तथा ६४ पोष्टर प्रस्तुति समेत सम्मेलनमा रहनेछ ।

यस्तै स्वास्थ्य अनुसन्धान पुरस्कार, मृगेन्द्र सम्झना मेडिकल ट्रष्ट युवा स्वास्थ्य अनुसन्धानकर्ता पुरस्कार, उत्कृष्ट स्वास्थ्य अनुसन्धानकर्ता पुरस्कार, लाइफ टाइम एचिभमेन्ट पुरस्कार प्रदान गरिने छ । रासस

# वैदेशिक रोजगार विभाग बुद्धनगरबाट ताहाचलमा सर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । वैदेशिक रोजगार विभाग ताहाचलमा सर्ने भएको छ । हाल अवस्थित रहेको बुद्धनगरबाट ताहाचलमा रहेको वैदेशिक रोजगार कार्यालयमा सर्न लागेको हो।

अहिले बसिरहेको ठाउँमा सानो भएकाले विभाग सर्न लागेको हो। विभागका महानिर्देशक उमाकान्त आचार्यले आगामी वैशाखमा कार्यालय सर्न लागेको बताए ।

ताहाचलमा रहेको वैदेशिक रोजगार कार्यालय अर्को ठाउँमा सरेपछि उक्त कार्यालयमा सरिने महानिर्देशक आचार्यले बताए।




झअहिलेको ठाउँ निकै सानो भयो। दैनिक संयौको संख्यामा रहेका सेवाग्राहीलाई सेवा दिन निकै कन्जस्टेड भयो,ञ महानिर्देशक आचार्यले भने।

विभाग हाल हिमालय सिमा व्यापारको भवनमा बस्दै आएको छ । ठाउँ साघुरो भएकाले पार्किङको समस्यादेखि बढी मानिसहरू अट्दैनन् ।

ठाउँ र जनशक्ति अभावले गर्दा समेत प्रभावकारी सेवा दिनमा नसकिएको उनेको भनाइ छ।

विभागमा अहिले आवश्यकता अनुसार समेत जनशक्ति नरहेको उनेका भनाइ छ। झएकातिर बस्ने ठाउँ छैन। अर्कोतिर जनशक्तिको अभाव छ। पुरानै संरचना र दरबन्दी अनुसार काम गर्नु परिरहेको छ। अन्य सरकारी कार्यालयमा समयसापेक्ष परिमार्जन भइरहेका छन्। तर हाम्रो विभाग भने धेरै पहिलेकै संरचना अनुसार काम गर्नु परिरहेको छ,ञमहानिर्देशक आचार्यले भने।

विभागमा हाल ६२ जनाको दरबन्दी रहेको छ। जसमा प्रशासनिक काम गर्ने ५० जनाले मात्रै काम गर्छन् । ५० जनाको भरमा लाखौंको संख्यामा रहेको सेवाग्राहीलाई सेवा दिनु परिरहेको महानिर्देशक आचार्यले बताए ।

सेवाग्राही लाखौंको संख्यामा थपिदा पनि जनशक्ति र पूर्वाधार पुरानै रहेको उनेका भनाइ छ ।

जनशक्तिको अभावका कारण विभागले म्यानपावर व्यवसायीमाथि अनुगमन समेत गर्न नसकेको उनेका भनाइ छ। अहिले कसैले सूचना दियो भने मात्र अनुगमन गर्न जानुपर्ने बाध्यता रहेको छ। हामी आफैले पनि अनुगमन गर्न सकिने अवस्था छैन,ञ उनले भने।

# नेविसङ्घ तदर्थ समितिलाई पूर्णता दिन सहमति

काठमाण्डु । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घको तदर्थ समितिलाई दश दिनभित्र पूर्णता दिने सहमति भएको छ ।

पार्टीका सहमहामन्त्री भीष्मराज आङ्देम्बेको रोहवरमा आज पार्टी कार्यालयमा बसेको बैठकले सबै पक्षलाई समेटेर दश दिनभित्र तदर्थ समितिलाई पूर्णता दिने सहमति भएको हो ।

कांग्रेस केन्द्रीय कार्यालयका सचिव प्रेम केसीले दश दिनभित्र दुजाङ शेर्पा नेतृत्वको नेविसङ्घ तदर्थ समितिलाई पूर्णता दिने र आठ महिनाभित्र १२औँ महाधिवेशन सम्पन्न गर्ने निर्णय भएको जानकारी दिनुभयो ।

नेविसङ्घको केन्द्रीय महाधिवेशन चाँडो हुनुपर्ने मागसहित एक हप्तादेखि कांग्रेस केन्द्रीय कार्यालय सानेपामा नेविसङ्घ बृहत् सङ्घर्ष समितिको नाममा अनसन भइरहेको थियो । महाधिवेशन गर्ने, तदर्थ समितिलाई पूर्णता दिने र आठ महिनाभित्र महाधिवेशन गर्ने सहमति गरेसँगै उक्त अनशन स्थगित भएको सचिव केसीले बताउनुभयो ।

उक्त सहमतिअनुसार जिल्लामा देखिएको नेविसङ्घको विवाद पार्टीको नेतृत्व र पदाधिकारीका बीचमा छलफल गरी समाधान गर्ने सहमतिसमेत भएको छ ।

उक्त सहमतिमा नेविसङ्घका अध्यक्ष शेर्पा, नेविसङ्घ बृहत् सङ्घर्ष समितिका उज्ज्वल बज्राचार्य र कांग्रेस केन्द्रीय कार्यालयका सचिव केसीले हस्ताक्षर गर्नुभएको छ । रासस


## घर भाडामा

**जनकपुरधाम उपमहानगरपालिका वडा नं. १ स्थित सीता चौक देखि २०० मि. उत्तरमा रहेको कार्यालय, स्कुल, पार्टी पैलेश तथा व्यसायिक प्रयोजनको लागि खाली रहेकोले इच्छुक व्यक्ति वा संस्थाले निम्न नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।**

**सम्पर्क नं.:-**

**९८५४०२०७९५,९८४४१९०३३७**


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | शिक्षामा उन्नति । |
| बृष | नयाँ कार्य हुने । |
| मिथून | भ्रमण अवसर हुने । |
| कर्कट | अवसर प्राप्त । |
| सिंह | पुरस्कार प्राप्त लाभ । |
| कन्या | प्रतिभा सम्पन्नता । |
| तुला | पारिवाहिक सुख । |
| बृश्चिक | बौद्धिक क्षमता । |
| धनु | प्रेम प्रसंग, मित्र सुख । |
| मकर | वाद विवादबाट बच्नु । |
| कुम्भ | सुख समृद्धि हुने । |
| मीन | धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# स्रोत नखुलेको रकमसहित एकजना पक्राउ



टुडे समाचारदाता

राजविराज । सप्तरी प्रहरीले स्रोत नखुलेको रकमसहित एक जनालाई पक्राउ गरेको छ। जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका-१, खाडो खोलाबाट स्रोत नखुलेको १ लाख ७० हजार ५ सय भारतीय रूपैयाँसहित एकजनालाई प्रहरी पक्राउ गरेको छ।

भारतको बंगाल कुचविहार ग्राम पंचायत घोनापुर थानाका ४३ वर्षीय सफिक कुलहकलाई सोमबार अबेर राति प्रहरीले पक्राउ गरेको जनाइएकोछ । उनको साथबाट एक लाख ७० हजार पाँच सय भारतीय रुपैयाँ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरी चौकी तिलाठी र बीओपी तिलाठीबाट खटिएको संयुक्त प्रहरी टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेको कुलहकलाई उक्त भारतीय रूपैयाँसहित पक्राउ गरेको छ।

उनलाई आवश्यक अनुसन्धानका लागि आन्तरिक राजस्व अनुसन्धान कार्यालय इटहरी सुनसरी पठाइएको प्रहरीले जानकारी दिएको छ।

# हराउँदै भकारी र कोठी



महोत्तरी । चैतेबाली धमाधम भित्र्याउन थालेपछि भङ्गाहा नगरपालिका-६ स्थित पर्सा टोलका किसान दीपलाल सिंह थारू बाली कसरी सुरक्षित राख्ने भन्ने चिन्ताले पिरोलिनु भएको छ। गहुँ, रहर, चना, मसुरोसहित चैते बाली काटेर चुट्ने, दाइँ गर्न चटारो भइरहेका बेला यी फसल सुरक्षित राख्ने चिन्ताले उहाँलाई सताएको हो।

चाँडै घुन लाग्ने चामल, गहुँ, मुसुरो, चना (बदाम) र रहरलगायत खाद्यान्न भण्डारणका लागि चाहिने माटाका कोठी र भकारी अब बन्न छाडेपछि थारूसहितका यस भेगका किसानलाई उत्पादित फसल सुरक्षित भण्डारण गर्ने सामानको अभावमा चिन्ता देखिएको हो।

"प्रत्येक घरमा माटाका कोठीमा बाली राखेपछि घुन लाग्दैनथ्यो", बर्दिवास नगरपालिका-९ की नथुनी महताले भन्नुभयो, "अब पुराना कोठी फुटेर गए अब नयाँ कोठी बन्न छाडेपछि चैतेबाली सुरक्षित कसरी राख्ने भन्ने चिन्ता छ।"

लिसाइलो माटो मुछेर बनाइने कोठीमा राखिने बालीमा घुन नलाग्ने भएकाले पाका किसानलाई यसको अभाव खट्किएको छ । "माटाका कोठीमा बाली राखेपछि ढुक्क भइन्थ्यो, न घुनले खाने डर न पोखिने चिन्ता !", भङ्गाहा-४ की रामसुनरदेवी थारूले भन्नुभयो, "अब त घरमै आफैँ खान राखिने खाद्यान्न घुनबाट सुरक्षित राख्न पनि जानाजान थरीथरीका औषधि मिसाउनु पर्नेभयो।"

"हेर्नोस् न जानाजान विष खान तयार भएका छौँ" उहाँले भन्नुभयो, "माटाका कोठीमा यी खाद्यान्न राखेर माटाकै ढकनले छोपेपछि वर्षौंसम्म जस्ताको त्यस्तै रहन्थ्यो, खै अहिलेका छोरी, बुहारीले त के हो कोठी भन्या भनी सोध्न थाल्याछन् , खै के भनौं !"

महोत्तरीसहित प्राचीन मिथिला क्षेत्रमा खासगरी थारू समुदायमा माटाका कोठी बनाउनु कौशलका रूपमा लिइन्थ्यो । माटाका कोठी खाद्यान्न सुरक्षाका लागि भरपर्दो हुनाका साथै यसलाई कौशल र थारू संस्कृतिसँग जोडिएकाले विगतमा बुहारी छनोट गर्नुपूर्व यो सीपबारे सोधपुछ गर्ने गरिएको भङ्गाहा-८स्थित धर्मपुरका बृद्ध मोती बछार थारूले बताउनुभयो । "हाम्रो जातिमा दुई दशक पहिलेसम्म जतिसुकै सम्पन्न भए पनि कन्या खोजिँदा तिनले माटाका कोठी बनाउन, काँस (एक प्रकारको वनस्पति)को गुवोबाट ढकी बनाउन जानेका छन् कि छैनन् भनेर सोधिन्थ्यो", उहाँले भन्नुभयो, "अब त ती सबै कुरा हराइसके, अनि के कोठी देखिनु ? माटाका कोठी बनाउन छाडेपछि आफ्नो जातीय संस्कृति र पहिचानको कुरा पनि ओझेलमा परेको छ। "

कोठी बन्न छाडेपछि यहाँका थारूले पनि अब खाद्यान्न थन्क्याउन प्लास्टिकका डोल, बाल्टिन र ड्रम प्रयोग गर्न थालेका छन् । "के गर्नु बाबु, आफ्ना नाडी बसिहाले", भङ्गाहा बस्तीकी पारोवती चौधरी थारूले भन्नुभयो, "अबका छोरी, बुहारीले यसो सिकौँ भन्ने चासो नै देखाउँदैनन्, अबका केही वर्षपछि त कोठी भनेर देखाउने कुरा के रहला र ?", पछिल्लो पुस्ताको अरुचिले अब हस्तसीपको खास नमूना मासिन लागेकामा पाको उमेरका थारूमा चिन्ता थियो ।

विगतमा तराई क्षेत्रमा थारू महिलाकै सामीप्यले अन्य जातजातिका महिलाले पनि माटाका कोठी बनाउन सिक्ने गरे पनि थारू समुदायमै यो कुरा हराउन थालेपछि अन्त के खोज्नु ? भन्ने बूढापाकाको प्रतिक्रिया हुने गरेको छ । विगतमा कस्का कस्ता कोठी भनेर सामाजिक प्रदर्शन र चर्चा हुने गरेकामा अब पछिल्लो पुस्तालाई कथा बन्न पुगेको गौशाला-२ निगौलका पूर्वशिक्षक विचारी चौधरीले बताउनुभयो । प्रत्येक दिनको फुर्सदको क्षणमा तयार गरिने कलात्मक कोठी हेर्न बस्तीमा हल्लीखल्ली नै हुने गरेको विगत सम्झँदै सोही स्थान निवासी शान्तिदेवी सिंह दनुवारले भन्नुभयो, "अब यो कुरा नातिनातिनालाई सुनाउने कथा मात्रै भयो।"

विगतमा तराईमा बिघौंबिघा जग्गाका मालिक हुँदा एउटै घरमा निकै गहुँ, चना, रहरलगायत फसल हुने र चामल पनि निकै थन्क्याउनु पर्ने भएकाले त्यतिबेला घुनबाट खाद्यान्न बचाउन कोठी बनाउने चलन थियो। पछिल्ला वर्षहरूमा जग्गा पनि घट्दै गएकाले कोठी प्राथमिकतामा पर्न छाडेको बताउने पनि छन् । "नयाँ पुस्तामा कोठी बनाउने सीपबारे चासो नहुनु त मुख्य कुरो छँदैछ", साहित्यकार डा राजेन्द्रप्रसाद विमलले भन्नुभयो, "अब जग्गाको स्वामित्व खुम्चँदै गएर चैतेबालीको उत्पादन पनि कम हुन थालेपछि यसको आवश्यकता महसुस नभएजस्तो छ।"

पछिल्ला दिनमा मौसमअनुसार उत्पादित फसल बेच्ने र पछि आफूलाई चाहिने बेला बजारबाट किनेर चलाउने चलन बढेको उहाँको भनाइ थियो । यो चलनले बाली थन्क्याउने झन्झट पनि हटेको छ।

स्थानीय परम्परा, संस्कृति, कला र साहित्य आफ्नो विशिष्ट पहिचान भएकाले लोप हुँदै गएको माटोको कोठी बनाउने परम्परालाई जोगाउन नयाँ पुस्ताले चाख देखाउनुपर्ने पशुपतिनगर स्थित राष्ट्रिय माविका प्रधानाध्यापक हरिदेव महतोको भनाइ थियो । यसका लागि आफूले साप्ताहिक एउटा अतिरिक्त कक्षामा सीप जानेकाहरूबाट माध्यमिक तहका छात्रालाई अभ्यास गराउन चाहेको उहाँले बताउनुभयो।

यसैगरी भकारी पनि अब बन्न, देखिन छाडेको छ । तराईका डोम र बिन समुदायको जातीय सीप मानिने भकारी बनाउने सीप पनि अब माग हुन छाडेपछि हराउँदै गएको छ। भकारीलाई बाहिरबाट लिसाइलो माटोले पोतेर माथि खरको छाना लगाएपछि वर्षौं वर्षसम्म धान सुरक्षित रहने गर्थ्यो । अब किसानले भकारीको माग गर्न छाड्नाका साथै पछिल्ला पुस्ता पनि अन्य वैकल्पिक काममा लाग्दा यो सीप र पेसा हराउँदै गएको भङ्गाहा-५स्थित सिद्धपुर स्टेसनटोलका प्रगाश मरिक (डोम) ले बताउनुभयो।

माटाका कोठी र भकारीमा कुनै विषादी प्रकारका औषधि नमिसाई खाद्यान्न सुरक्षित राख्न सकिने भएकाले कोठी र भकारीको प्रचार र प्रवर्द्धन गराउनुपर्नेमा जिल्ला स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाले जोड दिनुभयो। रासस

# नि:शुल्क आँखा शिविर




टुडे समाचारदाता

गौर । रौतहटको गढीमाइ नगरपालिकामा नि:शुल्क आँखा उपचार शिविर सम्पन्न भएको छ।

नेत्रज्योति संघ रौतहट तथा आँखा अस्पताल गौर, पुरेनवाको आयोजनामा भएको सो नि:शुल्क आँखा शिविरमा १ सय ८५ जनाको आँखा परीक्षण गरिएको आयोजकले जनाएको छ।

उपचार गराएकाहरु मध्ये ९० जनाको आँखामा मोतिबिन्दु रोग देखापरेको उपचारमा संलग्न चिकित्सकले बताएका छन् । ती सबैलाई शल्यक्रियाका लागि आँखा अस्पताल गौर पठाइएको वडा अध्यक्ष दीपेन्द्र श्रेष्ठले बताए।

गौर आँखा अस्पताल पुरेनवाका लेखा अधिकृत पवन नेउपानेले बिरामीको आँखाको शल्यक्रिया पनि नि:शुल्क हुने बताए। नेपाल नेत्रज्योति संघ अन्तर्गत डक फाउण्डेशनले शल्यक्रियाको खर्च दिने तर ल्याब जाँच बापत ६ सय ४० रुपैयाँ मात्रै बिरामीले आफै तिर्नुपर्ने उनले जनाए।

नि:शुल्क रुपमै आफ्नै पालिकामा आँखाको उपचार गराउन पाउँदा स्थानीयवासीहरु उत्साहित देखिएका थिए।

# एशियन इन्सोरेन्स १६ औं वर्षमा

टुडे समाचारदाता

जनकपुरधाम । एशियन लाइफ इन्सोरेन्स कम्पनी लिमिटेड १६ औं वर्षमा प्रवेश गरेको छ । मंगलबार संस्थाले एक सामारोह आयोजना गरी वार्षिकोत्सव मनाएको छ।

संस्थाले १५ औं वर्ष पूरा गरेको उपलक्ष्यमा सामाजिक उत्तरदायित्व निर्वाहका लागि पनि काम गरेका छन् । जनकपुरधाम उपमहानगरपालिका ज्ञानकुपस्थित कवीर बाल आश्रममा खाद्यान्न र फलफूल वितरण गरेको जनाएको छ।

संस्थाले प्रत्येक वर्ष यसै गरी सामाजिक उत्तरदायित्वका काम गरी मनाउँदै आएका छन्।




संस्थाले २५ केजी चामल, तीन केजी दाल, ग्यास सिलिण्डर दुई वटा, आलु र लगाउने तेल पनि सहयोग गरेका छन् । एशियन लाइफ इन्सोरेन्स जीवन बीमाको क्षेत्रमा उत्कृष्ट काम गर्दै आएको कम्पनीको दाबी रहेको छ।

# 'ठोरीलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न प्रदेश सरकार आतुर छ'

वीरगञ्ज । मधेश प्रदेश सरकारका उद्योग, पर्यटन तथा वनमन्त्री सुनिता यादवले पर्साको ठोरीलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न प्रदेश सरकार आतुर रहेको बताउनुभएको छ।



होटल तथा पर्यटन व्यवसायी सङ्घ पर्सा वीरगञ्ज तथा ठोरी गाउँपालिकाद्वारा सोमबार ठोरीमा आयोजित ठोरीको पर्यटन प्रवर्द्धनमा सरोकारवालाको भूमिका तथा सम्मान कार्यक्रममा उहाँले ठोरीलाई प्रदेशकै प्रमुख पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न गुरु योजना बनाइरहेको जानकारी दिनुभयो।

"बजेटमात्र दिएर पर्यटकीय क्षेत्रका रूपमा विकास हुन सक्दैन, त्यसका लागि मास्टर प्लान महत्वपूर्ण कुरा हो", उहाँले भन्नुभयो, "त्यसैले हामी ठोरीसहित प्रदेशभरिका पर्यटकीय क्षेत्रहरूको मास्टर प्लान बनाइरहेका छौँ, तपाईँहरू ढुक्क हुनुस् हामी ठोरीलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न कुनै कसर बाँकी राख्दैनौँ।"

कार्यक्रममा ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले विगतमा प्रदेश सरकारले ठोरीलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न बजेट विनियोजन गर्ने आवश्वास दिए पनि सरकारको नीति तथा कार्यक्रममा समावेश नगरिएको गुनासो गर्नुभयो।

"मधेस प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले ठोरीलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न रु १० करोड बजेट दिने घोषणा गर्नुभयो, तर सरकारले न बजेट दियो न त नीति तथा कार्यक्रममै समावेश गरियो", उहाँले भन्नुभयो, "सरकारले कम्तीमा पनि नीति तथा कार्यक्रममा समावेश गरिदिएको भए अरु ठाउँबाट पनि सहयोग आउन सक्थ्यो तर भएन, अहिलेको प्रदेश सरकारले केही गर्ला भन्ने आशा गरेका छौँ। "

सो अवसरमा वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवालले ठोरी आउनेमध्ये अधिकांश पर्यटक भारतबाट आउने भए पनि खर्च गर्ने उचित वातारण नहुँदा समस्या भइरहेको बताउनुभयो। उहाँले कुनै एक पक्ष वा एकल प्रयासबाट ठोरीको विकास सम्भव नभएकाले सबै पक्ष मिलेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

होटल तथा पर्यटन व्यवसायी सङ्घ पर्साका अध्यक्ष हरि पन्तको अध्यक्षतामा आयोजित कार्यक्रममा नेकपा (एमाले) ठोरीका नेता खगेन्द्र श्रेष्ठले ठोरीलाई पर्यटनसँग जोड्नका लागि उद्योग व्यवसायी सञ्चालनको वातारण बनाउन उद्योगी व्यवसायीसँग आग्रह गर्नुभयो । कार्यक्रममा उद्योग, पर्यटन तथा वनमन्त्री सुनिता यादव र वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अग्रवाललगायत पदाधिकारीलाई सम्मान गरिएको थियो। रासस

# बिचौलिया पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । मालपोत कार्यालय धनुषाबाट प्रहरीले एक जना बिचौलियालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार पक्राउ पर्नेमा जनकनन्दिनी गाउँपालिका-४का ५० वर्षीय राम विनोद साह रहेका छन्।

सोमबार मध्यान्ह साहले स्थानीय राम नारायण महतोको श्रीमती भुलिया देवीलाई जग्गा पास गराइदिन्छु भनि लिएको ६ हजार ९ सय रुपैयाँ घुससहित प्रहरीले पक्राउ गरेको जनाइएको छ।




जिप्रका धनुषाबाट खटेको प्रहरी टोलीले साहलाई नगदसहित मालपोत कार्यालयबाट नियन्त्रणमा लिएको सूचना अधिकारी वेदप्रसाद गौतमले जानकारी दिए । पक्राउ परेका साहलाई जिल्ला प्रहरी कार्यालय धनुषामा राखेर अनुसन्धान भइरहेको जनाइएको छ।

# अवैध रक्सी बरामद

टुडे समाचारदाता

जलेश्वर । महोत्तरी प्रहरीले महोत्तरीको मनराशिस्वा नगरपालिका-१०बाट अवैध रक्सी नियन्त्रणमा लिएको छ।

मंगलबार नेपालबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटेको प्रहरी टोलीले ३१ वटा कार्टुनमा रहेको २७ हजार रुपियाँ मूल्यबराबरको रक्सी नियन्त्रणमा लिएको छ। प्रहरी टोलीलाई देख्ना साथ बोरा फालेर मानिसहरु फरार भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी दिलिप कुमार गिरिले जानकारी दिए।

उनका अनुसार गोप्य सूचनाका आधारमा खोजतलास गर्दै जाँदा अवैध रक्सी बरामद गरिएको छ । भारतको बिहारमा मदिरा बन्दी भएपछि नेपाली सीमा क्षेत्रमा नेपालबाट भारत तर्फ रक्सीको तस्करी गर्नेहरु दिनप्रतिदिन बढ्दै गएका छन्।

# भुक्तानी नपाएको गुनासो

सर्लाही। सर्लाहीका दुईवटा चिनी उद्योगले किसानहरूको भुक्तानी दिन आलटाल गरेका छन्। उखु क्रसिङ सकेर बन्द भएका जिल्लाका दुईवटा चिनी उद्योगले किसानहरूको भुक्तानी दिन आलटाल गरेका हुन्।

अन्नपूर्ण चिनी उद्योग धनकौल र महालक्ष्मी चिनी उद्योग बगदहलाई उखु दिएका किसानहरूले मिल बन्द भएको एक महिनासम्म पनि भुक्तानी नपाएको गुनासो गरेका छन् । यी दुवै चिनी उद्योगबाट महिनौंसम्म भुक्तानी नपाउँदा किसानहरूले बर्सेनि आन्दोलन गर्दै आइरहेका गोडैता नगरपालिका-९, का किसान सीताराम यादवले बताउनुभयो। उहाँका अनुसार सुरुमा केही किसानलाई भुक्तानी दिएर यी दुवै चिनी उद्योगका सञ्चालक अहिले आफूहरूसँग सम्पर्कभन्दा बाहिर रहेका हुन्।

"सुरुमा केही किसानहरूलाई भुक्तानी दिइयो, त्यसपछि बाँकी किसानहरूको पैसा दिन चिनी उद्योगहरूले वास्तै गरेनन्", गोडैताका अर्का किसान रामकिरण यादवले भन्नुभयो । चिनी उद्योग बन्द भएको एक महिनासम्म पनि उद्योगी सम्पर्कमा नआउँदा आफूहरूलाई व्यवहार धान्न गाह्रो परिसकेको किसान यादवले बताउनुभयो ।



उद्योगले उखु बेचेको पैसा नदिँदा बालबालिकाको विद्यालयमा शुल्क बुझाउन मात्र नभई आफ्नो घरखर्चसमेत धान्न नसक्ने अवस्था आएको अर्का उखु उत्पादक किसान राजकरण यादवले बताउनुभयो। "उखु खेतीबाटै व्यवहार चलाउने आफू जस्ता दर्जनौं उखु उत्पादक किसानहरू उद्योगबाट पैसा नपाउँदा साहुमहाजनबाट ऋण लिन बाध्य भएका छन्", राजकरणले गुनासो गर्नुभयो।

उखुको पैसा नपाउँदा उखु काट्ने, ढुवानी गर्ने ट्र्याक्टरको पैसा तिर्न नपाएको धनकौल गाउँपालिका-३, का उखु किसान रामस्वार्थ साहले गुनासो गर्नुभयो। "उखु फलाउँदादेखि उद्योगसम्म लगेर बुझाउँदासम्मको उधारो छ तर उद्योगले कहिले पैसा दिन्छ भन्ने अयौल छ", उखु किसान साहले भन्नुभयो।

बेलैमा भुक्तानी नदिने समस्याका कारण पछिल्ला वर्षमा जिल्लाका किसानहरूले अन्यत्र ठाउँका चिनी उद्योग र सख्खर बनाउने उद्योगलाई उखु बेच्न थालेका उखु उत्पादक किसान राजकुमार उप्रेतीले बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय जिल्लाका उखु उत्पादक किसानहरू उखुभन्दा अन्य खेतीतर्फ समेत आकर्षित हुन थालेका छन्।

जिल्लाका तीनवटा चिनी उद्योगमध्ये इन्दुशङ्कर चिनी उद्योग हरिवनबाट भने उखु किसानले भुक्तानी पाइरहेका भएपनि अन्नपूर्ण चिनी उद्योग धनकौल र महालक्ष्मी चिनी उद्योग बगदहले हरेक वर्ष उखु उत्पादक किसानलाई पैसा दिन आलटाल गरेको उत्पादक किसान महासङ्घ नेपालका अध्यक्ष कपिलमुनि मैनालीले बताउनुभयो।

जिल्लाका अन्य उद्योगले किसानको भुक्तानी समयमै नगर्दा उखु खेती घटेको र त्यसको प्रत्यक्ष प्रभाव इन्दुशङ्कर चिनी उद्योगलाई परेको उद्योगका प्रबन्धक योगनारायण रजकले बताउनुभयो। रासस

# सङ्क्रमण देखिने बित्तिकै आइसोलेसनमा बस्न मन्त्रालयको आग्रह

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरस सङ्क्रमणको लक्षण देखिना साथ आइसोलेसनमा बस्न अनुरोध गरेको छ।

मन्त्रालयले सूचना जारी गर्दै कोरोना भाइरस सङ्क्रमण देखिनासाथ परीक्षण गराई आइसोलेसनमा बस्न सबैमा अनुरोध गरेको हो । "अस्तिको पानीमा भिजेको, हिजो चिसो खाएको र मंगलबार धुलोमा गएको भनेर बाहना नगरौं, मन्त्रालयले जारी गरेको सूचनामा भनिएको छ, "कोभिड-१९ का लक्षण देखिने बित्तिकै परीक्षण गराऔं र आइसोलेसनमा बसौं।"


मन्त्रालयले हरेक रुघा, हरेक खोकी र हरेक ज्वरो अन्य प्रमाणित नभएसम्म कोभिड-१९ हुने सक्नेसमेत भएकाले सतर्कता अपनाउन आग्रह गरेको छ।

नेपालमा पहिलो पटक कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सविवि. १.१६ देखा परेको छ । अहिले छिमेकी मुलुक भारतमा पनि सोही नयाँ भेरियन्टका कारणले सङ्क्रमण बढिरहेको छ।

मन्त्रालयले सङ्क्रमण बढिरहेकाले रोकथाम र नियन्त्रणका लागि सबै तह र तत्काबाट प्रभावकारी भूमिका निभाउनसमेत आग्रह गरेको छ । कोभिड-१९ महामारी अझ पनि पूर्णरूपमा नियन्त्रणमा आइनसकेकाले जनस्वास्थ्यका मापदण्ड अपनाउन र खोप लगाउन सबैलाई आग्रह गरेको छ।

शून्यमा झरेको कोरोना भाइरसको सङ्क्रमण अहिले बढिरहेको छ। चैत २० गते मात्रै ७६ जनामा नयाँ सङ्क्रमण र सक्रिय सङ्क्रमितको सङ्ख्या दुई सय २७ पुगेको छ।

मन्त्रालयले कोरोना भाइरसबाट बच्नका लागि नाक, मुख, चिउँडो छोपिने गरी मास्क लगाउन, कोरोना भाइरसविरुद्धको खोप लगाउन, बेलाबेलामा साबुन पानी वा स्यानिटाइजरले हात धुन, खोक्दा वा हाच्छिउँ गर्दा रुमालले छोप्न र भौतिक दूरी दुई मिटर राख्न अनुरोध गरेको छ। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रहरीको ठूलो सफलता

धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १४ पिराडी चोकमा सञ्चालनमा रहेको ठगी गर्ने ठूलो गिरोहलाई प्रहरीले पक्राउ गरेको छ । पिडारी चोक नजिक रहेको वीर बहादुर राउतको घरको दोस्रो तल्लामा गैरकानूनी रुपमा कल सेन्टर संचालन गरिएको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाले कारवाही गर्दा ९० थान कम्प्युटर, २ थान मोटरसाइकल र ९ महिलासहित २३ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।सोमवार दिउँसो ४ बजे जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक(डीएपी) वेदप्रसाद गौतमको टोलीले घरमा छापा हानेर ठगी धन्धामा संलग्न रहेको ठूलो गिरोहलाई पक्राउ गरेको हो । गैरकानुनी रुपमा कल सेन्टर संचालन गरी ३० थान कम्प्युटरमा ईन्टरनेट जडान गरी काम गरिरहेको र ६० थान तयारी अवस्थामा राखेको कम्प्युटर समेत फेला गरी जम्मा ९० थान कम्प्युटर प्रहरीले नियन्त्रणमा लिएको छ ।अनलाइन मार्फत ठगी धन्धा चलाउने सो कार्यमा संलग्न रहेका ९ जना महिला र १४ जना पुरुषसमेत २३ जनालाई निन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।पक्राउ परेका सबै पढेलेखेका युवायुवतीहरु हुन् ।उनीहरुले अनलाईनमा कारोबार गर्नेहरुले 'हनीट्र्याप'मा मानिसहरुलाई पारेर मोटो रकम असुल गर्ने, नग्न तस्वीरहरु पठाएर ब्ल्याक मेल गर्ने जस्ता अवैध धन्धा गरिरहेका थिए ।प्रहरीका अनुसार पछिल्लो ३ महिनादेखि सञ्चालनमा रहेको सो धन्धाबाट थुप्रै मानिसहरु ठगिएका छन् ।प्रहरीले पक्राउ परेकाहरुबाट मुख्य सञ्चालकको खोजी गरिरहेको छ ।प्रहरीले घटनाको अनुसन्धान जारी रहेको बताएको छ ।धनुषाका प्रहरी प्रमुख एसपी विश्व खड्काले अपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न विशेष अभियान चलाएका छन् ।भक्तपुरको ठेगाना र नाम राखेर जनकपुरधाममा सञ्चालन गरिएको सो कल सेन्टरबाट थुप्रै अवैध धन्धामा धेरै मानिस ठगिएको हुनसक्ने प्रहरीको अनुमान छ ।प्रहरीले धनुषामा लामो समयपछि यति ठूलो अपराधी समूहलाई नियन्त्रणमा लिएर अनलाइन ठगीको भण्डाफोर गर्न सफल भएको छ ।गत हप्ता १४ लाख अवैध रुपैयासहित मानिसलाई नियन्त्रणमा लिएको प्रहरीले विभिन्न अपराधका फरार अभियुक्तहरुलाई समेत पक्राउ गरी कारवाहीको दायरामा ल्याएको छ ।पक्राउ परेकाहरुसितको सोधपुछपछि मुख्य नाइके सम्म पुग्ने प्रहरीको विश्वास छ ।ठगी गिरोहले जनकपुरधामबाट नै अन्तर्राष्ट्रिय स्तरमा धन्धालाई फैलाएको थियो । नेटवर्किंग भएका सम्पूर्ण सुविधा सम्पन्न कम्प्युटरको मद्दतले तत्कालै नांगो फोटोहरु साझा गरेर ब्ल्याक मेलिंग गरिन्थ्यो ।कल सेन्टरबाट धेरै रुपैयाको कारोवार भएको हुनसक्ने अनुमान गरिएको छ ।सामाजिक सञ्जाल मार्फत नग्न फोटोहरु सार्वजनिक गरिदिने धम्कीका साथ मोटो रकम असुली कल सेन्टरबाट हुने गरेको अनुमान गरिएको छ ।धनुषा प्रहरीले धेरै ठूलो उपलब्धि हासिल गरेको छ ।यस्ता घटनाहरु प्रायःभारत र अन्य मुलुकहरुमा हुने गर्दथ्यो ।

# को हुन् भगवान महावीर ?



सञ्जय साह मित्र


सत्य, अहिंसा, अचौर्य, अपरिग्रह र ब्रह्मचर्यलाई पाँच व्रत मान्ने महावीरलाई दुनियाँले भगवानको संज्ञा दिएका छन् । संसारमा रहेका विभिन्न धर्ममध्ये एक हो जैन । जैन धर्मावलम्बीहरुका लागि महावीर भगवान हुन् । मुख्य गरी हिन्दू धर्मावलम्बीका महावीर र हनुमान एकै जना हुन् कि भनेर कहिलेकाहीँ भ्रम पर्ने गर्दछ । महावीर र हनुमान एकै होइनन् । महावीर जैन धर्मसित सम्बन्धित छन् भने हनुमान हिन्दु धर्मसित सम्बन्धित । हनुमानलाई बजरंगबलि, पवनपुत्र आदि नामले बोलाइन्छ । मुख्य गरी रामायणसित सम्बन्धित मूल कथामा हनुमानको पनि ठूलो भूमिका रहेको छ । हनुमान अति बलशाली भएकाले उनलाई महावीर पनि भनिएको हो । वीरहरुभन्दा पनि वीर भएकाले हनुमानलाई महावीर उपनामले हिन्दु समाजले चिन्दछ तर जैन धर्मका महावीरलाई शान्तिका अग्रदूत भनेर चिन्दछन् । पवनपुत्र हनुमानको जन्मस्थलको बारेमा धेरै मानिसलाई जानकारी छैन । झारखन्डको एक पहाडी क्षेत्रमा भएको मान्नेहरु धेरै छन् । तर महावीरको जन्म बिहारको वैशालीमा भएको हो भन्ने विषयमा करिब सबै एकमत छन् । यस कारण हनुमान र महावीर फरक हुन् ।

कतिपयले के भन्दछन् भने भगवान महावीरको नाम हनुमानसित मेल खान्छ भने कतिपय गुण चाहिँ भगवान बुद्धसित मिल्दछ । भगवान बुद्ध पनि शान्ति, सत्य र अहिंसाका समर्थक तथा प्रचारक थिए भने भगवान महावीर पनि शान्ति, अहिंसा र सत्यका लागि आफ्नो संघ नै बनाएका थिए ।

भगवान महावीरको जन्म इसापूर्व ५९९ वर्ष पहिले भारतको वर्तमान बिहार प्रान्तको वैशाली गणतन्त्रको कुण्डग्राममा भएको थियो । इक्ष्वाकु वंशीय क्षत्रिय राजा सिद्धार्थ र रानी त्रिशलाको कोखबाट चैत महिनाको शुक्ल पक्ष त्रयोदशी तिथिमा जन्मेका महावीरको नाम जन्मपछि वर्धमान राखिएको थियो । वर्धमान, वीर, अतिवीर, महावीर तथा सन्मति गरी उनका पाँच नाम रहेको पाइन्छ तर सबैभन्दा प्रचलित नाम महावीर नै रहन पुगेको देखिन्छ ।

जैन धर्ममा मुख्य गरी दुई सम्प्रदाय प्रचलनमा रहेका थिए - दिगम्बर र श्वेताम्बर । महावीर दिगम्बर समुदायका थिए । दिगम्बर परम्पराअनुसार महावीर बालब्रह्मचारी थिए । उनी विवाह गर्न चाहँदैनथे किनभने ब्रह्मचर्चलाई उनी प्रिय मान्दथे । भोगमा रुचि थिएन तर उनका मातापिताले भने महावीरको विवाह गरिदिन चाहेका थिए । दिगम्बर परम्पराअनुसार महावीरले आफ्नो विवाह रोकेका थिए तर श्वेताम्बर परम्पराअनुसार महावीरको विवाह यशोदा नामक युवतीसित भयो । महावीर र यशोदाका एक पुत्री थिए जसको नाम प्रियदर्शिनी थियो । प्रियदर्शिनीको विवाह राजकुमार जमालीसित भएको पाइन्छ ।

महावीर निकै शान्त स्वभावका थिए । विवाह भए पनि उनी चिन्तनशी थिए । ब्रह्मचर्यको पालन गर्न खोजिरहेका थिए । मातापिताको आग्रहलाई अस्वीकार गर्न नसकेका महावीरले पछि गएर दिगम्बर साधु बन्ने निर्णय लिए । दिगम्बर साधु भनेका अत्यन्त कठिन वा कठोर साधना गर्ने साधु हुन् जोसित केही पनि हुँदैन । श्वेताम्बर साधुले श्वेत अर्थात् सेतो वस्त्र लगाउँथे तर दिगम्बर साधुले कुनै पनि कपडा नलगाउने चलन थियो । महावीरले निर्वस्त्र



रही साधना गर्ने दिगम्बर साधुको भेष धारण गरी दिगम्बर सम्प्रदायको नियमलाई पालन गर्दै बारह वर्ष कठोर साधना गरे । आफ्नो साधनाकालमा महावीर मौन रहेर कठिन तपस्या गरे । भनिन्छ, बारह वर्षमा महावीरलाई नग्न अवस्थामै ज्ञानको प्राप्ति भयो । ज्ञानको प्राप्ति भएपछि महावीरले उपदेश दिन सुरु गरे, शिष्यहरु ब्नाउन सुरु गरे । भनिन्छ, उनको मोक्ष प्राप्तिको समयमा महावीरले बनाएको संघमा चौध हजार साधु, छत्तीस हजार साध्वी, एक लाख श्रावक र तीन लाख श्रविकाहरु थिए । अर्थात्, ज्ञान प्राप्त गरिसकेपछिको तीस वर्षको अवधिका महावीरले निकै प्रसिद्धि कमाएका थिए । आफ्ना अनुयायीहरुको संख्या निकै बढाएका थिए । आफ्नो जीवनकालमै महावीर प्रसिद्ध भइसकेका थिए । यो पनि भनिन्छ कि महावीरको जन्मको बारेमा उनी पूर्वका जैन तीर्थकर हरुले भविष्यवाणी गरिसकेका थिए । महावीरले ज्ञानको प्राप्तिपछि विभिन्न ठाउँमा उपदेश दिने काम पनि गरेका थिए । उपदेशमा माथि भनिएका पाँच सत्यको पक्षमा सबैलाई उभ्याउन चाहन्थे ।

भगवान महावीरका पाँच व्रतहरुमध्ये पहिलो व्रत हो सत्य । सत्यलाई अपनाउनु आफैँमा एउटा धर्म हो, व्रत हो । कतिपयले सत्यलाई नै सच्चा तत्व पनि मानेका छन् । भगवान महावीरको दोस्रो व्रत हो अहिंसा । अहिंसाको अर्थ हिंसा नगर्नु हुन्छ । जैन धर्ममा अहिंसालाई निकै विस्तार अर्थमा लिइएको पाइन्छ । कसैको हत्या नगर्नु, कसैलाई ऊ हिँडिरहेको बाटोलाई अवरुद्ध नपार्नु अहिंसा हो । सबै प्राणीमाथि दयाभाव राख्नु पर्छ । कुनै पनि प्राणीप्रति आफ्नो मनमा समेत नकारात्मक भाव आउन दिनुहुँदैन । कुनै पनि प्राणीलाई तन, मन, वचन, कर्मादिले कुनै किसिमको नोक्सानी नगर्नु अहिंसा हो । अहिंसा मानसिक अवस्था पनि हो । मनमा कसैप्रति अहित चिताउनु पनि हिंसा हो । कटुवचनद्वारा कसैको चित्त दुखाउनु पनि हिँसा हो । कसैलाई कुनै किसिमले हानिनोक्सानी पुऱ्याउनु हिंसा हो । यसरी जैन धर्मावलम्बीहरु अहिंसालाई निकै विस्तारपूर्वक अर्थ्याउँछन् । महावीरको तेस्रो व्रत हो अचौर्य । अचौर्यको अर्थ हो चोरी नहुनुको अवस्था । कसैको कुनै पनि सामान उसले नदिइकन लिनुलाई जैन धर्ममा चोरी भनिएको छ । जैन धर्मावलम्बी विचारअनुसार अचौर्य व्रतको कठोरतापूर्वक पालन गर्नुपर्दछ । अचौर्य निकै महत्वपूर्ण साधना हो । महावीरका अनुसार चौथो व्रत हो अपरिग्रह । कुनै पनि वस्तुको सञ्चय वा संग्रह नगर्नु अपरिग्रह हो । अपरिग्रह अधिकारसित सम्बन्धित छ । कुनै पनि वस्तुमाथि आफ्नो अधिकार नजमाउनु अपरिग्रह हो । अधिकारले लोभ जन्माउछ तर अपरिग्रह लोभबाट मुक्तिको अवधारणा हो । जैन धर्ममा अहिंसा र अपरिग्रहलाई वैचारिक दृष्टिकोणले आधार मानिएको छ । पाँचौं व्रत हो धर्म । धर्मलाई सबैभन्दा उत्तम मंगल मानिएको छ । अहिंसा, संयम र तपलाई धर्म मानिएको छ । आफ्नो प्रवचनमा सत्य, अहिंसा, ब्रह्मचर्य, धर्म र अपरिग्रहमाथि निकै जोर दिने भगवान महावीरले धर्मात्मालाई सदैव उच्च मान्दथे । धर्मात्मालाई देउताले पनि नमस्कार गर्दछन् भनेर भन्दथे । त्याग, संयम, प्रेम, करुणा, शील र सदाचारमाथि निकै जोर दिने भगवान महावीर विश्वमा शान्तिको अग्रदूतको रुपमा अन्य धर्मावलम्बीमा पनि परिचित छन् ।

सतही रुपमा हेर्न हो भने भगवान महावीर र भगवान बुद्धका धेरै कुरा समान छन् तर वास्तवमा भिन्नता पर्याप्त छन् । अहिंसामाथि महात्मा गान्धीले पनि निकै जोर दिएका छन् । भगवान महावीर र भगवान बुद्धको विचारमा समानता पाइएजस्तै हिन्दु धर्मको राजयोगसित पनि दर्शन तथा विचारहरु निकै निकट रहेका छन् । आफ्नो युगमा लाखौं अनुयायी बनाउन सफल भगवान महावीरको बारेमा धेरै ग्रन्थहरु प्रकाशित छन् । कठिन साधना गर्ने र निरन्तर उपदेश दिइरहने शान्ति, अहिंसाका अग्रदूत भगवान महावीरले इसापूर्व ५२७ मा ७२ वर्षको उमेरमा मोक्ष प्राप्त गरे । भगवान महावीरले मोक्ष प्राप्त गरेको स्थान बिहारकै पावापुरी हो जुन नालंदा जिल्लाको राजगीर र बोधगयाको निकट छ । जैन धर्मावलम्बीहरु पावापुरीलाई निकै पवित्र स्थान मान्दछन् । पावापुरीमा एउटा जलमन्दिर रहेको छ । के विश्वास गरिएको छ भने यही जलमन्दिर भएको ठाउँमा भगवान महावीरलाई मोक्ष प्राप्ति भएको हो । जलमन्दिरको दर्शन गर्न वर्षेनी लाखौं मानिस पुग्ने गरेका छन् । भगवान महावीरप्रति हिन्दु धर्मावलम्बीको पनि ठूलो आस्था रहेको छ । कतिपय हिन्दु धर्मावलम्बीले हिन्दु धर्मकै भगवान मानेर दर्शन तथा पूजा अर्चना गर्ने गरेका छन् ।

# किन हिन्दू राष्ट्र नेपाल ?







प्रफुल्ल घिमिरे

भनिन्छ जब सम्म यस पृथ्वीमा जीवन रहिरहन्छ टब सम्म धर्म पनि रहिरहन्छ । संसारमा थुप्रै धर्महरु छन जसमा ईश्वरलाई अलग अलग रुपमा अलग अलग तरिकाले पुजा आराधना गर्ने गरिन्छ। संसारमा रहेका थुप्रै धर्महरु मध्येका एउटा धर्म सनातन हिन्दू धर्म पनि हो । तेस्रो ठूलो धर्मका रुपमा रहेको "हिन्दू सनातनि धर्म "लाई मान्ने संसार भरि नै एक अर्ब पचास करोड भन्दा बढी धर्मावलम्बीहरु रहेका छन । यीनीहरुको गन्तव्य स्थल, तपोभूमि, ज्ञानभूमि, साधनाकेन्द्र वा भनौ केन्द्रीय स्थल भनेकै नै नेपाल हो ।

तर हाम्रो दूरभाग्य ! बिश्वका माझमा केही समय पूर्वसम्म आफ्नै मौलिक पहिचान कायम रहेको " हिन्दू राष्ट्र नेपाल " लाई पूनर्स्थापित प्रतिनिधि सभाद्वारा कुनै पनि आन्दोलनले उत्थान नगरेको "धर्मनिरपेक्ष" ल्याएर नेपाललाई धर्म निरपेक्ष राष्ट्रमा परिणत गर्दै घोषणा गरियो।

जबकि बहुसंख्यक सनातनी हिन्दुहरुको वासस्थल हो यो । आधिकारिक तथ्यांकहरुका अनुसारले पनि हिन्दू धर्म मान्नेहरुको बहुसंख्यक जनसंख्या रहेको छ। तर यहाँ बहुसंख्यक हिन्दूहरु भएता पनि धार्मिक उत्पीडनको शोषणको कुनै पनि उल्लेख्य घटित घटनाको इतिहास रहेको पाइदैनन ।

बिश्वका इसाई धर्मावलम्बीहरुका केन्द्रभूमि भेटिकन सिटि हो भने इस्लाम धर्मका साउदी अरब मक्का मदिना जन्म भूमि हो। यस्तै यहुदीहरुको इजरायल मुलभूमी हो भने सनातनी हिन्दूहरुको तपोभूमि, ज्ञानभूमि, साधनकेन्द्र उद्गम स्थल चाहिँ नेपाल र भारत रहेको छ। नेपाल शाक्त, शैव, वैदिक, बैष्णब , र बौद्ध धर्मको उत्पत्ति भएको मुलुक हो ।

बिश्वमा अनेकौं घोषित अघोषित क्रिश्चियन , ईस्लामिक ,बौद्धिष्ट लगायतका राष्ट्रहरु छन । अधिकांशले आ-आफ्ना धर्मलाई राज्य धर्मको रुपमा स्वीकार गरेका छन।

आज पनि ७१ वटा क्रिश्चियन , ५४ वटा इस्लामिक , ९ वटा बुद्धिस्ट र एक यहुदी धर्मलाई राष्ट्रिय धर्म को रुपमा स्वीकार गरेका देशहरु छन।

नेपालको २०६८ को जनगणनाको केन्द्रीय तथ्यांक हेर्ने हो भने हिन्दू ८१.३%, बुद्धिस्ट ९% , इस्लाम ४.४% , किराँत ३%, क्रिश्चियन १.४% , र अन्य ०.९% धर्म संस्कृति मान्नेहरु रहेका छन । यस मध्ये ओमकार परिवार भित्र पर्ने नै झण्डै ९५% जनसंख्या रहेको छ । यत्रो ठूलो जनसंख्या हुदाहुदै पनि हिन्दू राष्ट्रको पहिचानबाट नेपाललाई बञ्चित गराइनु कहाँ सम्मको न्याय संगत हो ? नियोजित षड्यन्त्र बाहेक अरु केही हुन सक्दैन ।

सन १९५१ को तथ्यांकमा नेपालमा इसाई धर्मावलम्बीहरु देखा नपरेका अवस्थामा सन १९६१ मा आएर ४५ जना देखिएका थिए तर सन २०११ सम्म आइपुग्दा त्यो करिब ३ लाख ७६ हजार पुग्यो । अहिले त्यो संख्या करिब ५ लाख ४५ हजार पुगेको अनुमान गरिएको छ।

हिन्दुत्वमा आधारित यहाँको समाजका धर्म-संस्कृति ,परम्पराहरुलाई सिध्याउने रणनीतिक दृश्यहरु देखा पर्न थालेका छन । हाम्रो सांस्कृतिक पहिचानलाई सिध्याउने प्रयास गरिदैछ। राष्ट्रिय एकतालाई धरापमा पारिदैछ। धर्म-संस्कृति माथी सङ्गठित रुपमा हमला गरिदैछ। धर्म निरपेक्ष राज्यको आडमा धर्म परिवर्तन गराइदैछ। धर्म निरपेक्षताको संबैधानिक व्यवस्थाले धर्मको नाममा छिरेर चलखेल गर्न चाहनेहरुकालागी सुनौलो अवसर प्राप्त भएका छ्न । धार्मिक हिंसा अतिवाद जस्ता रोगमा मुलुकलाई फस्ने फसाउने मार्गमा उन्मुख गरिदै गराइदैं छ । जबकि हिन्दु राष्ट्र नेपाल हुँदा पनि यहाँ सबै धर्मावलम्बीहरु आ-आफ्नो धर्म- संस्कृति अनुसार धार्मिक परम्परा ,चाड-पर्व बिना अवरोध सम्मान पूर्वक मनाउने गरेका नै थिए ।

हिन्दुत्वको जरो ब्रह्मचार्य ,करुणा , दया, सहिष्णुता , सत्य र अहिंसा माथी बिश्वास राख्ने बाहुल्यता रहेका हिन्दुहरुले सबैलाई सर्व स्वीकार गरेका नै थिए ।

ओमकार समाज भित्र रहेका आर्य समाज , सनातनी, बौद्धिस्ट , किराँत , जैन, शिख, प्रकृति पुजक लगायत सबै सनातनी हिन्दूहरुले आ-आफ्ना आराध्य देवलाई मान्दा एक अर्कालाई एंव अरु धर्मलाई पनि स-सम्मान दिदै सद्भाव सहिष्णुता देखाएकै थिए ।

कर्मको आधारमा अर्को पुन :र्जन्म हुन्छ भन्ने बिश्वास राख्नेहरु चाहे महादेव लाई पुजून चाहे राम-बिष्णुलाई , चाहे कृष्णलाई पुजुन चाहे बुद्धलाई , महावीरलाई, चाहे गोबिन्द सिंहलाई । यी सबै करुणा , मैत्री , ब्रह्मचार्य, पुनर्जन्म , सत्य र अहिंसालाई मान्नेहरु हिन्दू नै हुन । यिनीहरु "बसुदेब कुटुम्ब" को मन्त्रलाई आत्मसात गर्दै बिश्वलाई नै आफ्ना कुटुम्ब रूपमा स्वीकार गर्ने मूल्य मान्यताका आधारमा हिडदा हिडदैं पनि हिन्दु धर्म संस्कृतिलाई सिध्याउने नियतका साथ ल्याइएका धर्म निरपेक्षताले बिद्वेषपूर्ण -घृणाको वातावरणको बिजारोपण हुन थालिसकेको छ।

आफ्नो धर्म संस्कृति एवं हिन्दुत्व माथि भइ रहेको प्रहार , फैलाइरहिएका बितृष्णा-घृणा , गरी गराइरहेका हिन्दू देवी-देवता माथिका टीका-टिप्पणी तथा राज्य एवं समाजद्वारा हेपिएका, पेलिएका, भेदभावमा पारिएका , विपन्नतामा जक्डिएका सोझा-साझ नेपालीहरुलाई हिन्दू धर्म माथि बितृष्णा जगाएर आयातीत धर्मावलम्बीहरुले धर्मान्तरण गर्दै हिडिरहेका लगायत अन्य कुराहरू हिजोका दिन सम्म बुझ्न नसकेका हिन्दू धर्मावलम्बीहरुले सम्पूर्ण रुपमा बुझिसकेका छन । बुझ्दा बुझ्दै ,देख्दा देख्दै , सुन्दा सुन्दै पनि हिन्दू धर्मको बिशेषता नै हो उदारता , सहिष्णुता, सद्भाव , शान्ति र अहिंसा । यी कुराहरूलाई राजनीति नेतृत्व एंव अन्य धर्मका धर्माधिकारीहरुले समयमै बुझिदिनु बुद्धिमानी हुनेछ । अन्यथा स्व धर्म-संस्कृतिको रक्षाका खातिर धैर्यको बाँध टुट्यो भने यसको बाढीको भेलले धर्म निरपेक्षताका संबवाह्क , आयातीत धर्मका आयातकर्ता, ठेक्केदारहरुलाई यथास्थानमा नपुर्याउला भन्न सकिदैन । यतातर्फ बेलैमा सबैको ध्यानाकर्षण हुनु जरुरी छ। सचेत रहौं । गरिएका गराइएका बिगतका गलती त्रुटिहरुलाई सच्चाऔं।

संसार भरिका एक अर्ब पचास करोड भन्दा बढी जनसंख्या रहेका हिन्दुहरुको बिश्वमा एक मात्र हिन्दु राष्ट्र रहेको आस्थाको केन्द्र गन्तव्य स्थल नेपाललाई राजनीतिक आश्था भन्दा माथि उठेर अध्यात्मिक-धार्मिक , राष्ट्रियताको भावनाले ओतप्रोत हुदै बिगतमा संबिधान सभाद्वारा गरि गराइएको त्रुटिलाई सच्चाएर धार्मिक स्वतन्त्रता सहितको सनातन हिन्दू संघीय गणतान्त्रिक नेपाल बनाइयोस । अन्त्यमा,

ए ! सनातन हिदुहरुका सन्तानहरु हौ !

के हामी हिन्दु हौं ? हौं भने हिन्दू हुनुमा गर्व गरौं ! हाम्रा धमनिहरुमा पनि हिन्दुत्वको रगत दौडिएको छ भने धर्म-संस्कृतिको रक्षाका खातिर जागृत हुने बेला आइसकेको छ। कुनै पनि अन्य धर्म धर्मावलम्बीहरुलाई आघात नपुग्ने गरी सम्मानका साथ सबैलाई साथ लिएर धार्मिक स्वतन्त्रता सहितको गणतान्त्रिक पुनः हिन्दु राष्ट्र नेपाल बनाउने महा- अभियानमा आ-आफ्नो ठाउँबाट क्षेत्रबाट , टोल टोलबाट घर घरबाट बाहिर निस्केर अवाज बुलन्द पारौं ।

*जय हिन्दू राष्ट्र नेपाल !*

*श्रीजानकी माता एवं श्री पशुपति नाथले सबैको कल्याण गरून्।*

# सङ्घीय शिक्षा विधेयक ल्याउन सभामुखको आग्रह

काठमाण्डु। प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले सङ्घीय शिक्षा विधेयक छिटो संसद्मा पेस गर्ने वातावरण सिर्जना गर्न नेपाल सरकार र राजजीतिक नेतृत्वलाई आग्रह गर्नुभएको छ।



सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घको आयोजनामा विद्यालय व्यवस्थापन समितिको प्रथम राष्ट्रिय सम्मेलनको उद्घाटनसत्रलाई आज सम्बोधन गर्दै सभामुख घिमिरेले राजनीतिक क्षेत्रमा ठूलो परिवर्तन भए पनि सामुदायिक विद्यालयको शिक्षामा आधारभूत परिवर्तन हुन नसकेको बताउनुभयो।

सभामुख घिमिरेले संसद्मा सो विधेयक आएपछि त्यसलाई अघि बढाउने सवालमा आफ्नोतर्फबाट भूमिका निर्वाह हुने स्पष्ट गर्नुभयो। "शिक्षामा भएका कानुन कार्यान्वयन गर्नुपर्छ। ठूलो लगानी सदुपयोग किन भएको छैन, लगानीको प्रतिफल किन पाएका छैनौँ भनेर तपाईंहरूले छलफल गर्नुपर्छ", उहाँको भनाइ थियो । "संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक सुनिश्चित गरेको छ", उहाँले भन्नुभयो, "आधारभूत शिक्षा निःशुल्क र सर्वसुलभ भए पनि कार्यान्वयन भएको छैन ।" उहाँले शिक्षाले देशको भविष्य निर्धारण गर्नेसमेत बताउनुभयो।

आर्थिक, सामाजिक र सांस्कृतिक सुधारका लागि शिक्षाको गुणस्तर वृद्धि गर्नुपर्नेमा जोड दिँदै सभामुख घिमिरेले सार्वजनिक विद्यालयको गुणस्तर कम हुँदा सर्वसाधारणले खर्च कटाएर भए पनि निजी विद्यालयमा छोराछोरी भर्ना गर्नुपर्ने अवस्था आएको बताउनुभयो।

'हामी सुधार गर्दछौँ, हाम्रो विद्यालय' नारका साथ सुरु भएको सम्मेलन दुई दिनसम्म चल्ने महासङ्घका अध्यक्ष कृष्ण थापाले जानकारी दिनुभयो । सम्मेलनमा विभिन्न पार्टीका नेता एवं पूर्व शिक्षामन्त्रीले सामुदायिक विद्यालय सुधार्नुको विकल्प नभएकोमा जोड दिनुभएको थियो । सम्मेलनमा देशभरका सात सय ५३ वटै स्थानीय तहबाट विद्यालय व्यवस्थापन समितिको प्रतिनिधित्व रहेको छ। रासस

# 'राजनीतिकर्मी मात्र सुध्रिएर हुँदैन, कर्मचारीतन्त्र पनि सुध्रिनुपर्छ"

काठमाण्डु । सरकारले सुशासनको प्रत्याभूत गरी जनतालाई सहज तथा सहज रूपमा सेवा प्रवाह गर्ने भने पनि नागरिकले सुशासनको अनभूति गर्न नपाएको भन्दै संसद्मा आवाज उठेको छ। राष्ट्रियसभाको मंगलबारको बैठकमा सांसद कृष्णप्रसाद पौडेलले शिक्षा, स्वास्थ्य, यातायात, राहदानी, राजस्व तिर्ने स्थानमा नागरिकले सास्ती भोग्नु परेको भन्दै त्यसको समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले नेपाली समाज गरिबी, अशिक्षा, विसङ्गति र विकृतिले आक्रान्त भएको बताउनुभयो।



"नेपाली नागरिकले दुःख कष्ट पीडा कहिलेसम्म भोग्ने हो ?", उहाँले प्रश्न गर्नुभयो । सांसद पौडेलले राज्यले सुशासनको नारा दिए पनि नागरिकले अझै वास्तवमा सुशासनको प्रत्याभूति गर्न नसकेको बताउनुभयो । "जुनस्तरमा नागरिकले सेवा सुविधा पाउँछन् भनिएको थियो, त्यो अवस्था अझै भएको छैन । हामी सुध्रिनुपर्छ राजनीतिकर्मी मात्र सुध्रिएर हुँदैन, कर्मचारीतन्त्र पनि सुध्रिनुपर्छ", उहाँले भन्नुभयो।

सांसद सिंगबहादुर विश्वकर्माले जातीय विभेद तथा छुवाछूत अन्त्यको विषय संविधानमा लेखिएको भए पनि अझै जातीय विभेदका घटनामा न्यूनीकरण हुन नसकेको बताउनुभयो । पछिल्ला घटनाबाट दलित आन्दोलनबाट प्राप्त समावेशिता, समानुपातिक प्रतिनिधित्वको व्यवस्था नै धरापमा परेको उहाँको भनाइ छ। "संविधानमा लेखिएका दलित अधिकारसम्बन्धी विषयलाई कार्यान्वयन गर्न आवश्यक छ, राष्ट्रिय दलित आयोगलाई संवैधानिक आयोग बनाउनुपर्छ", उहाँले भन्नुभयो।

सांसद नारायणप्रसाद दाहालले मुलुकको विद्यमान समस्या समाधानका लागि राष्ट्रिय सहमति कायम गर्न सक्नुपर्ने बताउनुभयो । परिवर्तन पक्षधरको एकताबाट नै अहिलेको आर्थिक समस्या समाधान, शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्न सकिने उहाँको बताउनुभयो। "सरकाले नागरिकमा विश्वास पैदा गर्न सक्नुपर्छ", उहाँले भन्नुभयो, "निर्णय गर्ने तर कार्यान्वयन नहुने प्रवृत्तिले नागरिकमा अविश्वास पैदा हुन्छ।"

शान्तिप्रक्रियाका बाँकी कार्यभारलाई तत्काल पूरा गर्नुपर्नेमा जोड दिँदै उहाँले सङ्घीयता कार्यान्वयनमा तीन तहका सरकारबीच देखिएका अन्योलता हटाउन अत्यावश्यक सङ्घीय ऐन निर्माणमा गम्भीरतापूर्वक सोच्नुपर्ने बेला आएको बताउनुभयो। सांसद सुरेश आले मगरले कोसी प्रदेशको नामकरणका विषयमा पहिचानको पक्षधरको भावना नसमेटिएको भन्दै प्रदेशवासीले गर्दै आएको आन्दोलनको समर्थन गर्नुभयो।

सांसद इन्दु कडरियाले वर्तमान सरकार गठन भएको एक सय दिन पुगिसक्दा पनि अझै सरकारले पूर्णता पाउन नसक्नु राम्रो सङ्केत नभएको बताउनुभयो । सरकारले सदनलाई बिजनेस दिन नसक्दा नीति निर्माण तथा जनताले उठाएका विषयमा छलफल हुन नसकेको बताउनुभयो। "जनताप्रति सरकार गम्भीर देखिँदैन, देशको व्यवस्था परिवर्तन भयो, तर जनताको अवस्था समयानुकूल परिवर्तन हुन सकेन", उहाँले भन्नुभयो।

सांसद अनिता देवकोटाले सरकारले सबै जनताको भावना सम्बोधन गर्न सक्नुपर्ने भन्दै उहाँले युवालाई कृषि, पर्यटन र उद्योगमा जोड्नुपर्ने बताउनुभयो। उहाँले बर्खाको समय आउन लागेको उल्लेख गर्दै कृषिका लागि मल, बीउबिजनको प्रबन्धन गर्न सरकारलाई सुझाव दिनुभयो। सांसद गोमादेवी तिमिल्सिनाले बजारमा अखाद्य वस्तुको बिगबिगी बढेको भन्दै उहाँले तत्काल नियमन गर्न माग गर्नुभयो । "हरेक खाद्यवस्तु विषाक्त छ, तर हामी सबै चुप लागेको छौँ", उहाँले भन्नुभयो, "खाद्यवस्तुको मूल्य पनि अस्वाभाविक छ, उपभोक्ता तोकिएभन्दा बढी मूल्य तिर्न बाध्य छन्।"

सांसद रामचन्द्र राईले कोरोना सङ्क्रमण बिस्तारै बढ्न थालेको भन्दै महामारी नियन्त्रणको पूर्वतयारीका बारेमा सदनलाई जानकारी गराउन माग गर्नुभयो। "कोरोना सङ्क्रमण बढिरहेको छ, यो बारेमा सरकार के गरिरहेको छ, सदनलाई जानकारी दिनुपर्छ", उहाँले भन्नुभयो। जनताले सुशासनको अनुभूति गर्न नपाएको भन्दै उहाँले मुलुकको बिग्रँदो अर्थतन्त्रलाई सकारात्मक दिशातर्फ लैजानुपर्ने बताउनुभयो।

सांसद नरबहादुर विष्टले विश्वव्यापी आर्थिक मन्दीबाट जोगिन पछिल्ला दिनमा सरकारले राम्रो काम गरिरहेको बताउनुभयो । सरकारले राम्रो काम गर्न थालेकै कारण सरकारको आलोचना हुन थालेको उहाँको भनाइ छ । सांसद शारदादेवी भट्टले अझै पनि जातीय विभेदका घटनामा कमी नआएको भन्दै विभेदका घटना अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। जातीय भेदभाव र छुवाछूत अन्त्य गर्न सबैको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो।

बैठकको शून्य समयमा सांसद तुलप्रसाद विश्वकर्माले नेपाली सेना र अमेरिकी सेनाको संयुक्त सैन्य अभ्यासका क्रममा अमेरिकी सेनाले मनाङ र मुस्ताङमा तालिम गर्न माग गरेको विषय राष्ट्रिय हिसाबले खतरानाक रहेको बताउनुभयो । उहाँले उच्च रणनीतिक चीनसँग सीमा जोडिएको ठाउँमा सैन्य अभ्यास गर्न दिनु नेपालको लागि घातक हुने बताउनुभयो।

सांसद दुर्गा गुरुङले द्वन्द्वपीडितले लामो समयसम्म पनि न्याय पाउन नसकेको भन्दै सङ्क्रमणकालीन न्यायलाई जतिसक्दो चाँडो टुङ्ग्याउन माग गर्नुभयो । सांसद भुवनबहादुर सुनारले जातीय विभेदका घटना अन्त्यमा ध्यान दिन आग्रह गर्नुभयो। सांसद मोहम्मद खालिदले धनुषामा भएका केही घटनाले धार्मिक तथा साम्प्रदायिक भावनामा खलल पुऱ्याएको भन्दै त्यस्ता घटनामा संलग्नलाई कारबाही गर्न माग गर्नुभयो। रासस

# बोर्डमा एक र जाँच समितिमा तीन सदस्य मनोनीत

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले चलचित्र विकास बोर्डको सदस्यमा निर्देशक तथा अभिनेता राजु केसी र केन्द्रीय चलचित्र जाँच समितिको तीन सदस्यमा निर्देशकद्वय भूपेन्द्र खड्का, ऋषिराज आचार्य र गायिका सरल पुन मगरलाई मनोनयन गरेको छ।

मन्त्रिस्तरीय निर्णयबाट मनोनयन भएसँगै बोर्ड र जाँच समितिमा रिक्त रहेको पदपूर्ति भएको छ। बोर्ड सदस्यमा नियुक्त भएपछि निर्देशक केसीले आफ्नो अनुभवलाई पूर्ण उपयोग गर्ने बताउनुभयो। 'प्रेमपूजा'बाट अभिनय सुरु गर्नुभएका केसीले 'धर्ती' मार्फत निर्देशनको सुरुआत गर्नुभएको थियो। उहाँ अहिले 'जाड' नामक चलचित्रको निर्देशनमा व्यस्त हुनुहुन्छ। केसी अगाडि निर्देशक केएल बुढाथोकी र सञ्चारकर्मी रवि अधिकारी पनि बोर्ड सदस्यमा नियुक्त हुनुभएको थियो।

यस्तै, निर्देशक आचार्यले आफूले पाएको जिम्मेवारीलाई पूरा गर्न कुनै कसर बाँकी नराख्ने बताउनुभयो। "जाँचमा देखिएको र सुनिएको समस्या समाधान गर्नेतर्फ लाग्नेछु । चलचित्र निर्देशक रहेकाले काँटछाँटका विषयमा सुनिने गुनासो कम गर्नेछु", निर्देशक आचार्यले भन्नुभयो। रासस

# विपद् जोखिम न्यूनीकरण राष्ट्रको एजेण्डा बन्नुपर्छ : गृहमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपद् जोखिम न्यूनीकरण राष्ट्रको एजेण्डा बन्नुपर्ने बताउनुभएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यालय पुगेर उहाँले प्राधिकरणले गरिरहेका कामको जानकारी लिने क्रममा नेपाल जलवायु परिवर्तनको जोखिममा रहेकाले यसको न्यूनीकरण तथा व्यवस्थापनका कामलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो।



उपप्रधानमन्त्री श्रेष्ठले विपद्का ठूला घटना भएपछि त्यसको चर्चा हुने तर भविष्यमा हुनसक्ने विपद् कम गर्नेतर्फ पर्याप्त काम नहुने अवस्थाको अन्त्य गर्नुपर्ने उल्लेख गर्दै यसतर्फ ठोस पहलकदमी लिइने विश्वास व्यक्त गर्नुभयो।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको अध्यक्ष समेत रहनुभएका उपप्रधानमन्त्री श्रेष्ठले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठक यथाशीघ्र बसी रणनीतिक र तत्काल गर्नुपर्ने दुवै खालका कार्यलाई अगाडि बढाइने बताउनुयभो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले विपद्को पछिल्लो अवस्था, प्राधिकरणले तर्जुमा गरेका कार्यविधि तथा निर्देशिका एवं विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको प्रभावकारिताका लागि गृहमन्त्रालयसँग प्राधिकरणले गरेका अपेक्षाबारे ब्रिफिङ गर्नुभएको थियो। सो क्रममा उहाँले हरेक वर्ष बढिरहेका विपद्का घटनाले ठूलो मानवीय तथा भौतिक क्षति गरिरहेकाले प्राधिकरणले जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो।

कार्यकारी प्रमुख पोखरेलले आगामी वर्षको मनसुनबाट हुनसक्ने क्षतिलाई मध्यनजर गरेर अहिल्यै गर्नुपर्ने तयारीका बारेमा समेत उपप्रधानमन्त्री श्रेष्ठलाई जानकारी गराउनुभएको थियो।

**गृहमन्त्रीद्वारा सशस्त्र प्रहरी बलको अवलोकन भ्रमण**

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सशस्त्र प्रहरी बलसँग सम्बन्धित कानुन बदलिँदो परिवेश अनुसार परिमार्जन, पुनरावलोकन र आवश्यकता अनुसार नयाँ कानुन तर्जुमा गर्नुपर्ने बताउनुभएको छ।

मंगलबार हलचोकस्थित सशस्त्र प्रहरी बलको प्रधान कार्यालयमा भ्रमणका क्रममा उहाँले सशस्त्र प्रहरी अधिकृतहरुलाई आवश्यक निर्देशन दिनुभयो।

उहाँले सशस्त्र प्रहरी बल नेपाललाई सीमाको डेडिकेटेड फोर्स बनाउन अन्तर्राष्ट्रिय मापदण्डसहितको थप बिओपीहरुको स्थापना, मौजुदा बिओपीकोस्तरवृद्धि गर्दै समग्र सङ्गठनलाई नै प्रविधिमैत्री एवं चलायमान बनाउनुपर्ने उल्लेख गर्नुभयो।

**उहाँले सशस्त्र प्रहरी बल नेपाललाई सीमाको डेडिकेटेड फोर्स बनाउन अन्तर्राष्ट्रिय मापदण्डसहितको थप बिओपीहरुको स्थापना, मौजुदा बिओपीकोस्तरवृद्धि गर्दै समग्र संगठनलाई नै प्रविधिमैत्री एवं चलायमान बनाउनुपर्ने उल्लेख गर्नुभयो।**

उहाँले हिमाली क्षेत्रमा खटिने सुरक्षाकर्मीका लागि मापदण्ड अनुसारको पोसाक, सशस्त्र प्रहरी कर्मचारीलाई उपलब्ध हुने रासनको न्यायोचित वितरण तथा अन्य सेवा सुविधामा उचित ध्यान पुऱ्यायनुपर्ने बताउनुभयो।

मन्त्री श्रेष्ठले विपद् प्रतिकार्य, राहत तथा उद्धारमा सशस्त्र प्रहरी बलले निर्वाह गरेको भूमिका सराहनीय रहेको बताउनुहुँदै विपद् उद्धार केन्द्रको विस्तार, विपद् उद्धार सामग्रीको नियमित उपलब्धता र विपद् व्यवस्थापनमा संलग्न सशस्त्र प्रहरीको क्षमता विकासका लागि कार्ययोजना बनाइ उचित स्रोतसाधनको प्रबन्धसहित ठोस् कार्य गर्नका लागि मन्त्रालय सदैव सकारात्मक रहेको स्पष्ट पार्नुभयो।

सो अवसरमा उहाँले शान्ति, सुरक्षा, प्रतिबद्धताको मूल मन्त्रलाई आत्मसात गरी नागरिकको जिउधनको सुरक्षा, सीमा सुरक्षा, राजस्व सुरक्षा, औद्योगिक सुरक्षा कायम गर्न अहोरात्र खटिएर सेवा प्रदान गर्ने कार्य सराहनीय रहेको उल्लेख गर्नुभयो।

उहाँले राज्यले सुम्पिएका जिम्मेवारी साथसाथै सशस्त्र प्रहरी बलले भइपरी आउने विषम परिस्थितिमासमेत आफ्नो क्षमता, व्यावसायिकता र उच्च पेसागत दक्षता प्रदर्शन गरी राज्यको अब्बल सुरक्षा निकायको रुपमा आफ्नो पहिचान स्थापित गर्न सफल रहेकोबताउनुभयो।

उहाँले सङ्गठनलाई सरकारले तोकेको जिम्मेवारी अनुरुपको कार्य प्रभावकारी ढङ्गले सम्पादन गर्नका लागि मौजुदा दरबन्दी संरचनाको पुनःसंरचना गर्ने गरी सङ्गठन तथा व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाउन गृहमन्त्रालयको आवश्यक पहलकदमीमा कुनै कमी नहुने स्पष्ट पार्नुभयो।

सशस्त्र प्रहरीले न्यून सेवा सुविधा र अपर्याप्त स्रोत साधनका बाबजुद कतिपय ठाउँमा भाडाको घर, अस्थाई संरचनामा बसेर, कतिपय ठाउँमा जीर्ण अवस्थाका आवास तथा भवनहरुबाट नागरिकलाई सेवा र सीमाको सुरक्षा गरिरहेको अवस्था विद्यमान रहेको हुँदा यस्ता समस्याहरु समाधानमा आवश्यक सहयोग रहने उहाँको भनाइ छ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सुरक्षा आफैमा जटिल, संवेदनशील र चुनौतीपूर्ण विषय भएको बताउनुहुँदै अन्य सुरक्षा निकायसँग निकट समन्वयका साथ राज्य प्रदत्त कार्यादेशलाई कुशलतापूर्वक बहन गर्दै नेपाल सरकार तथा गृह मन्त्रालयका नीति, कार्यक्रम, आदेश, निर्देशनलाई अक्षरशः पालना गरी इमान्दारिताका साथ परिचालन भइरहेको बताउनुभयो। रासस

# धर्मले राष्ट्रिय एकतालाई बलियो बनाउछ : उपराष्ट्रपति

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले सबै धर्मले शान्ति, सामाजिक सहिष्णुता एवं भातृत्वअभिवृद्धिमा सहयोग पुग्ने बताउनुभएको छ । जैन धर्मका प्रणेता भगवान महावीरको २६२२औँ जन्मोत्सवको अवसरमा नेपाल जैन परिषद्ले मंगलबार यहाँ आयोजना गरेको समारोहमा उहाँले धर्मको माध्यमबाट समाज र राष्ट्रलाई भावनात्मक एकता बलियो बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।




उपराष्ट्रपति साहले भन्नुभयो, "धर्मको विभिन्न प्रकार भए पनि सबै धर्मको लक्ष्य एउटै हुन्छ। धर्मको परिभाषा र प्रभाव सार्वजनिक हितको भावनाबाट ओतप्रोत हुने भएकाले जनकल्याणलाई केन्द्रमा राखेको हुन्छ।"

अहिंसा, अपरिग्रह र अनेकान्तबादका प्रणेता भगवान महावीरले प्रतिपादित गर्नुभएका सिद्धान्त र विचार वर्तमानमा अझ बढी प्रासङ्गीक एवं समयसान्दिर्भिक भएको उहाँले उल्लेख गर्नुभयो।

उपराष्ट्रपति साहले नेपाल आफैमा ऋषिमुनिहरूले तपस्या गरेको र भगवान ऋषवदेव, नविनाथ, मल्लिनाथ, पार्श्वनाथ, महावीर एवं आचार्य स्थूलिभद्र स्वामी जस्ता महापुरुषको प्रभाव क्षेत्र रहेको हुनाले हामी नेपालीहरू आफूलाई गौरवान्वित ठान्ने बताउनुभयो। उहाँले दुराग्रह, अनेकान्तवाद, आग्रहीनताले पारिवारिक, सामाजिक र विश्वशान्तिका लागि वर्तमानमा आम जनमानस साकाहारी संयमी एवं मितव्यही हुन आवश्यक रहेको खाँचो औँल्याउनुभयो।

नेपालमा जैनर्धालम्बीहरू सबै ठाउँमा विभिन्न समुदायकाबिचमा मिलेर बसोबास गरिरहेका र उनीहरू जहाँ रहेपनि भगवान महावीरका सिद्धान्त अनुशरण गर्दै धार्मिक, सांस्कृतिक र समाजसेवाका माध्यमबाट सकारात्मक छाप छोड्न सफल भएको उपराष्ट्रपति साहको भनाइ छ । धर्मले संसारको नीति नियमलाई व्यवहारिक बनाउन प्रेरित गरेको बताउँदै उहाँले अहिंसा, शान्ति, एकान्तवाद, नैतिकताको प्रचारप्रसार जैनधर्मको महत्वपूर्ण पक्षलाई जनजनमा पुऱ्याउन परिषद्ले भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा समर्णनिर्देशिका डा निर्माण प्रज्ञाले भवगान महावीर एक व्यक्ति मात्र नभइ चेतना, सन्देश हो भन्दै विश्व शान्ति तथा मानव र जीजन्तुको कल्याणका निम्ति उहाँको सिद्धान्तलाई आत्मसाथ गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

जैनधर्म परिषद्का अध्यक्ष महेन्द्रकुमार जैनले जैन धर्मको आफ्नो मौलिक तत्वज्ञान, अद्भूत दृष्टि अर्थात समग्रमा एउटा जीवन्त धर्म भएकाले मंगलबारको सन्दर्भमा पनि जैन धर्मको महत्व सान्दर्भिक बनिरहेको उल्लेख गर्नुभयो। रासस

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु क्वारेन्टाईन कार्यालय, जनकपुरधाम
धनुषा, मधेश प्रदेश

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**सूचना नं. : १-०७९/८०**

**प्रकाशित मिति : २०७९/१२/२२**

यस इकाई अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र, आह्वान गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३२ औं दिन (मिति २०८०/१/२३ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of work | Estimated Cost (w/o VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | AQO/JNK/NCB/ WORKS/01/2079-080 | Construction of Animal Quarantine Malangwa Check Post Building Malangwa | 1,70,83,371.75 | 4,83,000.00 | 3000.00 |

# अमेरिकी सभामुख ताइवानी राष्ट्रपतिलाई आज भेट्दै



**एपी**

लस एन्जलस । चीनको चेतावनीका बाबजुद अमेरिकी प्रतिनिधिसभाका सभामुख केभिन म्याकार्थीले ताइवानका राष्ट्रपति साई इङ वेनसँग बुधबार भेटवार्ता गर्नुहुने भएको छ ।

ग्वाटेमाला र बेलिजको भ्रमण पूरा गरी स्वदेश फर्कने क्रममा बुधबार ताइवानी नेताले सभामुख म्याकार्थीसँग यहाँबाट ६४ किलोमिटर पर अवस्थित रोनाल्ड रोगन पुस्तकालयमा द्विपक्षीय बैठक गर्ने सभामुखको कार्यालयले पुष्टि गरेको छ ।

गत साता न्युयोर्क हुँदै ग्वाटेमाला जाने क्रमममा त्यहाँ रहनुभएकी ताइवानी राष्ट्रपतिले त्यहाँस्थित हडसन इन्स्टिच्युटलाई सम्बोधन गर्नुभएको थियो ।

ताइवानी नेताले सभामुख म्याकार्थीलाई भेटेमा त्यसले गम्भीर परिणाम निम्त्याउने चेतावनी बेइजिङले दिएको छ । सभामुखसँगको भेटवार्ताले गम्भीर टकराव निम्त्याउनसक्ने बेइजिङले बताउँदै आएको छ ।

ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बीले विदेश भ्राणका क्रममा राष्ट्रपति साई अमेरिकामा ‘ट्रान्जिट’मा बस्नु र उहाँले सभामुखलाई भेट्नु सामान्य हो भन्दै विगतमा पनि धेरै ताइवानी नेता अमेरिका भएर तेस्रो मुलुक प्रस्थान गरेका बताएका थिए ।

गत वर्ष पूर्वसभामुख न्यान्सी पिलोसीले ताइवानको भ्रमण गरेर राष्ट्रपति साईलाई भेटेपछि क्रुद्ध भएको बेइजिङले जनमुक्ति सेनालाई ताइवान टापु वरपर उतारेर अभूतपूर्व अभ्यास गरेको थियो ।

सभामुख म्याकार्थीले वासिङ्टन डिसीबाट टाढा लस एन्जलसमा ताइवानी नेतालाई भेट्न गरेको निर्णयलाई ताइवानको समर्थनलाई जोड दिएको र चीनसँगको तनाव भड्काउनबाट बच्न गरिएको विश्लेषण गरिएको छ ।

बाह्य दबाबले विश्वका विभिन्न मुलुकसँग सम्बन्ध कायम गर्ने ताइवानको सङ्कल्पमा कुनै बाधा नहुने राष्ट्रपति साईले अमेरिका प्रस्थान गर्नुअघि विमानस्थलमा पत्रकारहरूलाई बताउनुभएको थियो । उहँले आफू शान्त रहने, कसैसँग नझुक्ने र कसैलाई नउक्साउने पनि बताउनुभएको थियो ।

चीनले स्वायत्त टापु ताइवानलाई आवश्यक परे बल प्रयोग गरेर मुख्यभूमिमा विलय गर्नसक्ने चेतावनी दिँदै आएको छ भने राष्ट्रको ‘एक चीन’ सिद्धान्तअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध कायम गर्न नसक्ने बताउँदै आएको छ ।

राष्ट्रपति साईमाथि चिनियाँ दबाब यस्तो समयमा आएको छ जतिबेला ताइवानले अमेरिकासँगको सम्बन्धलाई अनौपचारिक रूपमा भए पनि सुदृढ गर्ने प्रयास गरेको छ ।

विश्लेषकहरूका अनुसार साईले सन् २०१६ मा राष्ट्रपति पद सम्हालेपछि बेइजिङले ताइपेईमाथि सैन्य, आर्थिक एवम् कूटनीतिक दबाब बढाएको छ । ताइवानका समर्थकलाई आफ्नो पक्षमा पारेको छ - यसैसाता होन्डुरसरलाई आफ्नो पक्षमा ल्याएझैं ।

सन् १९७९ मा वासिङ्टनले बेइजिङसँग कूटनीतिक सम्बन्ध स्थापना गरे पनि ताइपेइको अन्तरराष्ट्रिय सहयोगी एवम् साझेदारका रूपमा वासिङ्टन उभिएको छ । अमेरिका नै ताइवानको सबैभन्दा ठूलो हतियार आपूर्तिकर्ता पनि भएको छ । यस्तो पृष्ठभूमिमा रहेको ताइवान र अमेरिकाबीचको सम्बन्ध अनौपचारिक भए पनि औपचारिक सम्बन्ध जत्तिकै महत्वपूर्ण एवम् अर्थपूर्ण रहेको अमेरिका-ताइवान सम्बन्धबारे अध्ययन गरिरहेका जेम्स ली बताउँछन् ।

“विश्वमा एउटा मात्र चीन छ। ताइवान चीनको अविभाज्य भाग हो। हामी अमेरिकी पक्ष र ताइवानका अधिकारीहरूबीच हुने कुनै पनि औपचारिक भेटवार्ता र सम्पर्कको विरोध गर्दछौँ, यस्ता भटवार्ता र बैठकले अमेरिका र चीनबीचको सम्बन्धमा दीर्घकालीन असर पर्नेछ,” साईको निर्धारित बैठकलाई लिएर चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले भनेका छन् ।

राष्ट्रपति साईका प्रवक्ता जेभियर चाङले “विश्वका प्रजातान्त्रिक मुलुकसँग विचारविमर्श एवम् भेटवार्ता गर्नु ताइवानको अधिकार हो । यसमा चीनले हस्तक्षेप गर्नुको कुनै अर्थ छैन” भनेका छन् ।

गत महिना होन्डुरसले ताइवानसँगको सम्बन्ध तोडेछि ताइपेइसँग औपचारिक कूटनीतिक सम्बन्ध कायम भएका देशको सङ्ख्या १३ मा झरेको छ । सोमबार बेलिजको भ्रमणका क्रममा ताइवानी राष्ट्रपतिले आफ्नो पक्षमा निरन्तर सहयोग गरेकामा मध्यअमेरिकी देशप्रति आभार व्यक्त गर्नुभयो । साथै उहाँले चीनको उच्चारण नगरी तानाशाही शासनबाट आएको विस्तारवादी धम्कीको निन्दा गर्नुभयो ।

# एकदिवसीय विश्वकप छनोटपछि नेपालले टी-२० विश्वकप २०२४ को छनोट खेल्ने



**टुडे समाचारदाता**

काठमाण्डु । अमेरिका र वेस्ट इन्डिजले आइसिसी टी-२० विश्वकप २०२४ संयुक्तरूपमा आयोजना गर्दैछन्। पहिलोपटक उत्तर अमेरिका क्षेत्रमा हुन लागेको टी-२० विश्वकपमा पहिलो पटक २० टिमले सहभागिता जाउँदैछन्।

२०२४ को टी-२० विश्वकपमा १२ टिम सिधै छनोट भएका छन् भने ८ टिमले क्षेत्रीय छनोट चरण पार गर्नुपर्नेछ। गत वर्षको अक्टोबर-नोभेम्बरमा अस्ट्रेलियामा भएको टी-२० विश्वकपको शीर्ष आठ टिम २०२४ को विश्वकपका लागि सिधा छनोट भइसकेका छन्। जसमा अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंकाले शीर्ष आठमा परेर २०२४ को विश्वकपका लागि स्थान पक्का गरिसककेका छन्।

अमेरिका र वेस्ट इन्डिज आयोजकको हैसियतमा छनोट भइसकेका छन्। अमेरिकाले पहिलो टी-२० विश्वकप खेल्दैछ। १४ नोभेम्बर २०२२ सम्मको विश्व वरीयतालाई अर्को छनोटको आधार मानिएको थियो। जसबाट अफगानिस्तान र बंगलादेशले टी-२० विश्वकपमा स्थान बनाइसकेका छन्। अब बाँकी आठ स्थानका लागि क्षेत्रीय छनोट हुनेछ।

**सिधा छनोट भएका टिम**

टी-२० विश्वकप २०२२ को शीर्ष ८ टिम (अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंका)

आयोजक अमेरिका र वेस्ट इन्डिज गरी २ टिम

आइसिसी विश्व वरीयताका २ टिम (अफगानिस्तान र बंगलादेश)

जम्मा १२ टिम

क्षेत्रीय छनोटबाट

अफ्रिका - २ टिम

अमेरिका - १ टिम

एसिया - २ टिम

इस्ट एसिया प्यासेफिक - १ टिम

युरोप - २ टिम

जम्मा - ८ टिम

**नेपाल एसिया छनोटमा, ८ टिम मध्ये शीर्ष दुईमा परे विश्वकपमा**

एसियाको अन्तिम छनोटमा नेपालले स्थान बनाएको छ। अन्तिम छनोटमा नेपालसँगै युएई, ओमान, हङकङ, सिंगापुर र बहराइन अन्तिम छनोटमा पुगिसकेका छन्।

अब प्रारम्भिक छनोटबाट दुई टिम एसिया छनोटको अन्तिम चरणमा पुग्नेछन्।

एसियाको पहिलो चरणको समूह ‘ए’ मा कुवेत, माल्दिभ्स, कतार र साउदी अरेबिया छन् भने समूह ‘बी’ मा भुटान, चीन, मलेसिया, म्यानमार र थाइल्यान्ड छन्। दुवै समूहको शीर्ष टिम एसिया छनोटमा पुग्नेछन्।

**एसिया छनोट**

बहराइन, नेपाल, ओमान, हङकङ, सिंगापुर, युएई, छनोट ए विजेता, छनोट बी विजेता - दुई टिम टी-२० विश्वकप २०२४ मा पुग्ने।

पहिलो चरणको छनोट आगामी अगस्टपछि हुनेछ। त्यसपछि एसियाको अन्तिम चरणको छनोट हुनेछ।

नेपालले आगामी जुनमा एकदिवसीय विश्वकप २०२३ को अन्तिम छनोट खेल्दैछ। जिम्बावेमा हुने छनोटमा नेपालसहित १० टिमले भाग लिँदैछन्। जहाँ विश्वकप विजेता देशहरु श्रीलंका र वेस्ट इन्डिज पनि भिड्दैछन्।

एकदिवसीय विश्वकपको छनोट खेलेको केही महिनापछि नेपालले टी-२० विश्वकप २०२४ को छनोट खेल्दैछ।

यसपटकदेखि क्षेत्रीय छनोटबाटै टी-२० विश्वकपका लागि सिधा छनोट हुने प्रावधानसँगै नेपालले एसिया छनोट खेल्न लागेको हो। युरोप, अमेरिका र इस्ट एसिया प्यासेफिक क्षेत्रीय छनोटको आयोजक राष्ट्र र मिति तय भइसकेको छ। तर एसिया छनोटको आयोजक र मिति तय भइसकेको छैन। यद्यपी आइसिसीले सन् २०२३ को अन्तिम चार महिना भित्रमा छनोट प्रतियोगिता आयोजना गर्ने जनाएको छ।

# देशको सार्वभौमसत्ताको रक्षा गर्ने बेइजिङको प्रतिबद्धता

**एएफपी**

बेइजिङ । चीनले आफ्नो राष्ट्रिय सार्वभौमसत्ताको रक्षा गर्न प्रतिबद्ध रहेको दोहोऱ्याएको छ । अमेरिकी प्रतिनिधिसभाका सभामुख केभिन म्याकार्थी र ताइवानका राष्ट्रपति साई इङ वेनबीच बुधबार क्यालिफोर्नियामा भेटवार्ता हुने निश्चित भएपछि चीनले त्यसको विरोधमा आफ्नो प्रतिबद्धता दोहोऱ्याएको हो ।



परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले उक्त भेटलाई चीनले नजिकबाट निगरानी गर्ने बताउँदै राष्ट्रिय सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको दृढताका साथ रक्षा गर्ने प्रतिबद्धता व्यक्त गरिन् । यहाँ भएको नियमित पत्रकार सम्मेलनमा उनले एक चीन नीतिअन्तर्गत कुनै पनि देशले बेइजिङ र ताइपेईसँग एकैसाथ सम्बन्ध कायम गर्न नसक्ने स्थापित मान्यता पनि दाहोऱ्याइन् ।

अमेरिकी सभामुखले साईलाई भेटेर आगोसँग खेल्ने प्रयास गरेको टिप्पणी गर्दै उनले अमेरिकाको एक एक नीतिका साथै चीनको सार्वभौमसत्ता र क्षेत्रीय अण्डतालाई गम्भीररूपमा कमजोर बनाउने बताइन् ।

गत वर्ष पूर्वसभामुख न्यान्सी पिलोसीले ताइवानको भ्रमण गरेर राष्ट्रपति साईलाई भेटेपछि क्रुद्ध भएको बेइजिङले जनमुक्ति सेनालाई ताइवान टापु वरपर उतारेर अभूतपूर्व अभ्यास गरेको थियो ।

सभामुख म्याकार्थीले वासिङ्टन डिसीबाट टाढा लस एन्जलसमा ताइवानी नेतालाई भेट्न गरेको निर्णयलाई ताइवानको समर्थनलाई जोड दिएको र चीनसँगको तनाव भड्काउनबाट बच्न गरिएको विश्लेषण गरिएको छ ।

बाह्य दबाबले विश्वका विभिन्न मुलुकसँग सम्बन्ध कायम गर्ने ताइवानको सङ्कल्पमा कुनै बाधा नहुने राष्ट्रपति साईले अमेरिका प्रस्थान गर्नुअघि विमानस्थलमा पत्रकार हरूलाई बताउनुभएको थियो । उहँले आफू शान्त रहने, कसैसँग नझुक्ने र कसैलाई नउक्साउने पनि बताउनुभएको थियो ।

चीनले स्वायत्त टापु ताइवानलाई आवश्यक परे बल प्रयोग गरेर मुख्यभूमिमा विलय गर्नसक्ने चेतावनी दिँदै आएको छ भने राष्ट्रको एक चीन नीतिअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध कायम गर्न नसक्ने बताउँदै आएको छ ।

यसैबीच, अमेरिकी सेनाका आधार केन्द्र र पहुँच विस्तार गर्नेसम्बन्धमा अमेरिका र फिलिपिन्सबीच भएको सम्झौताको विरोध गर्दै चीनले त्यसबाट क्षेत्रीय शान्ति र स्थायित्वलाई जोखिममा पारेको बताएको छ । आफ्नो स्वार्थका खातिर अमेरिकाले सैनिक तैनाथीलाई निरन्तरता दिएको भन्दै त्यसले फिलिपिन्सलगायत यस क्षेत्रका देशलाई वास्तविक लाभ हुन्छ भन्नेमा गम्भीर भएर सोच्न जरुरी भएकामा जोड दिएको छ ।

# अस्ट्रेलियामा पनि टिकटकमा प्रतिबन्ध

**एपी**

क्यानबेरा । अस्ट्रेलियाले पनि टिकटकमा प्रतिबन्ध लगाएको छ । सङ्घीय सरकारका उपकरणमा चिनियाँ स्वामित्वको उक्त ‘एप्लिकेशन’ प्रतिबन्ध लगाइएको हो ।

देशका गुप्तचर र सुरक्षा निकायको सुझावमा सङ्घीय सरकारका उपकरणमा टिकटकमा प्रतिबन्ध लगाइएको महान्यायाधिवक्ता मार्क ड्रेफसले बताउनुभएको छ । साथै उहाँले उक्त प्रतिबन्ध यथाशीघ्र कार्यान्वयन हुने बताउनुभएको छ ।

यसअघि संयुक्त राज्य अमेरिका, क्यानडा, संयुक्त अधिराज्य र न्युजिल्याण्डले उक्त एप्लिकेशनमाथि प्रतिबन्ध लगाइसकेका छन् । युरोपेली संसद्, युरोपेली आयोग र २७ सदस्यीय युरोपेली सङ्घका तीन प्रमुख संस्थाले पनि आफ्ना कर्मचारीका उपकरणमा टिकटक निषेध गरेका छन् । ती संस्थाले कर्मचारीलाई आफ्ना मोबाइल फोनबाट टिकटक हटाउन आग्रह गरेको छ।

चिनियाँ प्राविधिक कम्पनी बाइटेन्सले आफ्नो स्वामित्वको टिकटकमा आवद्ध व्यक्तिका विवरण चीन सरकारलाई उपलव्ध नगर्ने जनाउँदै अमेरिकी प्रयोगकर्ताका विवरणलाई पनि चीनको पहुँच बाहिर राख्ने बताएको छ । अन्य सामाजिक सञ्जाल कम्पनीभन्दा धेरै प्रयोगकर्ताको विवरण सङ्कलन गरेको आरोपमा टिकटकको मातृ कम्पनी विवादमा पर्दै आएको छ । यद्यपि उसले आफ्नो व्यवस्थापन स्वतन्त्र रहेको र टिकटकका विवरण सुरक्षित रहेको दाबी गर्दै आएको छ ।

गोपनीयता र सुरक्षा चिन्ता जनाउँदै भारतले सन् २०२० मा टिकटक र ‘मेसेजिङ एप वी च्याट’लगायत दर्जनौं चिनियाँ एपमा राष्ट्रव्यापी प्रतिबन्ध लगाएको थियो । चीन र भारतबीचको सीमा क्षेत्रमा दुवै देशका सैनिक आमनेसामने भएपछि नयाँदिल्लीले उक्त निर्णय गरेको थियो । चिनियाँ र भारतीय सेनाबीचको भिडन्तमा २० जना भारतीय सैनिकले ज्यान गुमाएका थिए भने दर्जनौं घाइते भएका थिए ।

अमेरिकाले टिकटकमाथि प्रतिबन्ध लगाएकामा चीनले त्यसको आलोचना गर्दै त्यसलाई राज्यशक्तिको दुरुपयोग भनेको छ । साथै उसले अन्य देशका कम्पनीलाई अमेरिकाले दबाइरहेको आरोप पनि लगाएको छ ।

# महिला फुटबल एसियाली छनोट, पहिलो चरणको खेल मङ्गलबारदेखि




काठमाण्डु । पेरिस ओलम्पिक, २०२४ अन्तर्गत महिला फुटबलको एसियाली छनोट प्रतियोगिताको पहिलो चरणको खेलमा नेपालले मङ्गलबार भियतनामसित खेल्दै छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा दुवै टोली खेल्नेछन् ।

ओलम्पिकको एसियाली छनोटको पहिलो चरणमा नेपाल समूह ‘सी’ मा परेको छ। नेपालको समूहमा भियतनाम छ । सो समूहमा रहेका अफगानिस्तान र प्यालेस्टाइनले खेल नखेल्ने भन्दै नाम फिर्ता लिएका थिए । छनोट खेलको विजेता ओलम्पिक छनोटको दोस्रो चरणमा प्रवेश गर्नेछ ।

नेपाली राष्ट्रिय महिला फुटबल टोलीका मुख्य प्रशिक्षक अनन्तराज थापाले उक्त प्रतियोगितामा आफ्नो टोलीले राम्रो नतिजा ल्याउने विश्वास व्यक्त गरे । उनले फिफा वरियताले खेलमा खासै असर नगर्ने उल्लेख गर्दै आफ्नो टोलीले उत्कृष्ट खेल खेल्ने बताए । फिफा महिला विश्व वरियतामा भियतनाम ३३औं स्थानमा छ भने नेपाल १००औं स्थानमा रहेको छ ।

प्रशिक्षक थापाले भियतनाम बलियो विपक्षी टोली भए पनि आफ्नो टोलीले विगत एक महिनादेखि विशेष तयारी गरिरहेकाले नतिजा आफ्नो पक्षमा रहने बताए । यही प्रतियोगिताको तयारीका लागि नेपालले गत फागुन ३ र ६ गते भारतमा भारतीय टोलीसँग मैत्रीपूर्ण खेल खेलको थियो । नेपालले भारतसँग पहिलो खेल गोलरहित बरबरी तथा दोस्रो खेल २-२ गोलको बराबरी खेलेको थियो ।

नेपाली टोलीकी कप्तान एन्जिला तुम्बापो सुब्बाले बलियो टोलीसँग खेल्न आफूहरु तयार रहेको बताइन् । वरियताले खेलको नतिजामा खासै फरक नपर्ने उनको भनाइ थियो । रासस

# सुरक्षा कारबाहीका छ जना आईएस लडाकु मारिए

**सिन्ह्वा**

अफगानिस्तान । अफगानिस्तानको उत्तरी बाल्ख प्रान्तमा अफगान सेनाले इस्लामिक स्टेट (आईएस) विरुद्ध सञ्चालन गरेको कारबाहीमा छ जना लडाकु मारिएका छन् ।

बाल्ख प्रान्तमा इस्लामिक स्टेटका लडाकु लुकेको एउटा ठाउँमा छापा मारेर सेनाले कारबाही गर्दा ती विद्रोहीको मृत्यु भएको प्रान्तीय प्रहरी प्रवक्ता मोहम्मद आसिफ वाजिरीले बताएका छन् । अफगान सुरक्षा बलले सोमबार राति नहर-ए-शही जिल्लामा आईएसविरुद्ध कारबाही गरेको थियो ।

गत वर्ष अफगानिस्तानमा भएका केही घातक बम विष्फोटको जिम्मेवारी लिएको आईएसले उसका लडाकाविरुद्ध गरिएको सैन्य कारबाहीबारे अहिलेसम्म कुनै टिप्पणी गरेको छैन ।

# अदालतमा हाजिर हुन पूर्वअमेरिकी राष्ट्रपति न्युयोर्कमा

**एपी**

न्युयोर्क । आफूमाथि लागेको फौजदारी आरोपको सामना गर्न पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प फ्लोरिडाबाट न्युयोर्क आइपुग्नु भएको छ। यहाँस्थित आफ्नो व्यावसायिक भवनमा उहाँले वकिलहरूसँग परामर्श गरिरहनुभएको छ ।

सन् २०१६ को राष्ट्रपतीय निर्वाचनअघि अश्लिल चलचित्रकी एक जना नायिकसँग यौनसम्पर्क गरेको र त्यसलाई दबाउन राष्ट्रपतिका प्रत्यासी ट्रम्पले उनलाई एक लाख ३० हजार अमेरिकी डलर दिएको अभियोग लगाइएको छ। पूर्वराष्ट्रपति ट्रम्पले आफूमाथि लगाइएका सबै आरोप अस्वीकार गर्दै आउनुभएको छ । नायिका स्टर्मी डेनियलले भने आफूसँग सन् २००६ मा ट्रम्पले यौन सम्बन्ध कायम गरेको र त्यसलाई गोप्य राख्न रकम दिएको दाबी गरेकी छन् ।

पूर्वराष्ट्रपतिको सुरक्षाका निम्ति गुप्तचर सेवाका अधिकारीले विशेष तयारी गरेका छन्भने अन्य सुरक्षा निकायले पनि म्यानहाटनस्थित अदालत बाहिर सम्भावित विरोधप्रदर्शनसमेतलाई दृष्टिगत गरी सुरक्षा व्यवस्था कडा पारेका छन् । उक्त अदालततर्फ जाने पैदलयात्री मार्गमा तगारा लगाइएका छन् ।

पूर्वराष्ट्रपति ट्रम्पलाई सङ्घीय जाँच ब्युरो ९एफबिआई०, न्युयार्क महानगरको कानुन कार्यान्वयन गराउने निकाय र अमेरिकाको सिक्रेट सर्भिसले सम्बद्ध निकायसँग समन्वय गरेका छन् ।

अभियोग सामना गर्न अदालतमा उपस्थित भएपछि पूर्वराष्ट्रपति ट्रम्पले आफू निर्दोष रहेको बताउनुहुने उहाँका वकिलहरूले बताएका छन् । त्यसअघि उहाँको औँठाछाप लिने, तस्बिर खिच्नेलगायत प्रहरीबाट हुने अदालती प्रक्रिया पूरा गरिनेछ । यद्यपि उहाँलाइ हतकडी लगाइने छैन । अदालतमा उहाँलाई औपचारिकरूपमा अभियोग लगाइएपछि न्युयोर्क सिटी अदालतका एकजना न्यायाधीशले उहाँमाथि लागाइएका अभियोगबारे जानकारी दिनुहुनेछ ।

पूर्वराष्ट्रपति ट्रम्पविरुद्धको मुद्दाको सुनुवाई कहिले हुन्छ भन्ने स्पष्ट भएको छैन भने मुद्दा दर्तापछि चुनिने न्यायाधीशबाट अन्य विवरण प्राप्त हुनसक्नेछ । बुधबार अदालतले उहाँलाई धरौटीमा रिहा गर्ने अनुमान गरिएको छ ।

वर्षौंको अनुसन्धानपछि म्यानहाटनको ग्रान्ड जुरीले गत साता उहाँलाई फौजदारी अभियोग लगाएको थियो । ट्रम्पले केही साताअघि आफू पक्राउ पर्नसक्ने बताउनुभएको थियो । अन्ततः पक्राउबाट जोगिन उहाँ अदालतसमक्ष आत्मसमर्पण गर्ने निष्कर्षमा पुग्नु भएको छ । म्यानहाटनस्थित सरकारी वकिलको कार्यालयले पूर्वराष्ट्रपतिको आत्मसमर्पणको सहजीकरणका निम्ति उहाँका वकिलसँग सम्पर्क एवम् समन्वय गरेका थिए ।

अमेरिकाको इतिहासमा पूर्वराष्ट्रपतिलाई फौजदारी अभियोग लागेको यो पहिलो घटना हो । छयत्तर वर्षीय ट्रम्पले म्यानहाटन जिल्ला अधिवक्ता एल्भिन ब्रागको कार्यालयमा आत्मसर्पण गरेपछि अदालतमा उपस्थित गराइने छ ।

# अन्ततः बूढीगण्डकी निर्माणको जिम्मा प्राधिकरणलाई

काठमाण्डु । नेपाली समाजमा एउटा लोकोक्ति प्रचलित छ 'घुमीफिरी रुम्जाटार' । यस्तै भएको छ बूढीगण्डकी जलविद्युत् आयोजनामा पनि । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको सो आयोजना अन्ततः घुम्दैफिर्दै फेरि प्राधिकरणको बहुमत शेयर स्वामित्व हुनेगरी अगाडि बढाउने तयारी गरिएको छ ।

शेयर संरचनालगायतका विषयमा अन्तिम टुङ्गो लगाउनका लागि प्राधिकरणका उपकार्यकारी निर्देशक प्रदीपकुमार थिकेको संयोजकत्वमा एक कार्यदल गठन गरिएको छ । कार्यदलले दिने प्रतिवेदनका आधारमा शेयर संरचनामा संशोधन गर्ने तयारी गरिएको छ ।

प्राधिकरणका सञ्चालक समिति सदस्यसमेत रहनुभएका ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशन अनुसार आयोजना अगाडि बढाउनका लागि शेयर संरचनामा परिवर्तन गर्न लागिएको जानकारी दिनुभएको थियो ।

सोमबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतको स्वागतार्थ प्राधिकरणमा आयोजित कार्यक्रममा ऊर्जा सचिव घिमिरेले प्राधिकरणको बहुमत शेयर स्वामित्व रहनेगरी कम्पनीमा पुनःसंरचना गर्न लागिएको बताउनुभएको थियो ।

**यस्तो छ इतिहास**

सन् १९८३/८४ मा कूल छ सय मेगावाट क्षमता रहनेगरी आयोजनाको सम्भाव्यता अध्ययन गरिएको थियो । सो अध्ययनलाई अध्यावधिक गर्दै प्राधिकरणले सन् २०१० मा थप अध्ययन गरेको थियो । सन् २०१२ मा प्राधिकरणले पुनःसम्भाव्यता अध्ययन, विस्तृत डिजाइन तथा बोलपत्र दस्तावेज तयार पारेर फ्रान्सेली कम्पनी ट्याक्टबेलसँग सम्झौता गरेको थियो ।

तत्कालीन डा बाबुराम भट्टराई नेतृत्वको सरकारले सो आयोजनालाई विकास गर्नका लागि विकास समिति गठन गरेको थियो ।



सोही समितिलाई नै फ्रान्सेली कम्पनीले सन् २०१४ मा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बुझाएको थियो ।

सन् २०१७ मा ऊर्जा मन्त्रालयल र चिनियाँ कम्पनी चाइना गेजुवा ग्रुप कम्पनीबीच इपीसिएफ मोडलमा आयोजना निर्माण गर्न समझदारीपत्रमा हस्ताक्षर गरियो । राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष डा स्वर्णिम वाग्ले संयोजकत्वको प्रतिवेदनका आधारमा सन् २०१७ मा नै सरकारले स्वदेशी लगानीमा आयोजना निर्माण गर्ने निर्णय गऱ्यो । सन् २०१८ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले पुनः चिनियाँ कम्पनी गेजुवालाई नै सो आयोजना जिम्मा दिने निर्णय गरियो ।

सो कम्पनी सम्पर्कमा नरहेपछि सरकारले सन् २०२२ मा आयोजना चिनियाँ कम्पनीबाट फिर्ता ल्याई कम्पनी स्थापना गर्ने निर्णय गऱ्यो । कम्पनी रजिष्ट्रार कार्यालयमा गत भदौ १७ गते आधिकारिकरूपमा बूढीगण्डकी जलविद्युत् कम्पनी स्थापना गरियो । तर सो कम्पनीले हालसम्म कुनै पनि काम अगाडि बढाउन सकेको छैन । धादिङ र गोरखाको सिमानामा निर्माण हुने आयोजनालाई अब प्राधिकरणको बहुमत शेयर स्वामित्व रहने गरी कम्पनी अगाडि बढाउने तयारी गरिएको छ ।

**प्रधानमन्त्रीको त्यो प्रतिबद्धता**

प्रधानमन्त्री 'प्रचण्डले गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमिल्सिना नेतृत्वको प्रतिनिधिमण्डलसँग यही चैत १९ मा प्रधामन्त्री निवास बालुवाटारमा छलफल गर्दै आगामी बजेटमा आयोजनाका सम्बन्धमा स्पष्ट व्यवस्था गरेर नै अगाडि बढाइने बताउनुभएको थियो ।

"प्रधानमन्त्रीको प्रतिबद्धतापछि हामी खुसी भएका छौँ, स्थानीयवासीको आशङ्कासमेत दूर भएको छ", अध्यक्ष तिमिल्सिनाले भन्नुभएको थियो, "आयोजनाको बजेट रकमान्तर भएका विषयमा स्थानीयवासीले गुनासो गरेका थिए ।" आयोजना बन्दैन कि भनेर स्थानीयवासीले गरेको आशङ्का दूर भएको उल्लेख गर्दै अध्यक्ष तिमिल्सिनाले प्रधानमन्त्रीले स्पष्ट कार्ययोजनाका साथ अगाडि बढाइने प्रतिबद्धता जनाउनुभएको जानकारी दिनुभएको थियो ।

प्रधानमन्त्रीले त्यसदिन आयोजना अगाडि बढाउन स्थापना गरिएको कम्पनीलाई समेत अब गति दिन र त्यसका बारेमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई आवश्यक निर्देशन दिइने बताउनुभएको थियो ।

प्रधानमन्त्रीको निर्देशनका आधारमा कम्पनीलाई नयाँ आधारमा अगाडि बढाउने ऊर्जा सचिवको घोषणापछि अब आयोजनाले गति लिने भएको छ । आयोजना प्रभावित क्षेत्रका लागि हालसम्म रु ४५ अर्ब बराबरको मुआब्जा वितरण भएको छ । घरगोठ तथा बोट बिरुवाको मुआब्जा वितरण गर्दा रु ६० अर्ब बराबर खर्च हुने देखिएको छ । पुनःस्थापना इकाइका अनुसार हालसम्म कूल ४८ हजार नौ सय ४८ रोपनी जग्गा अधिग्रहण भइसकेको छ । झण्डै १० हजार रोपनी जग्गा अधिग्रहणको प्रक्रियामा छ ।

**यस्तो छ विद्यमान संरचना**

विद्यमान व्यवस्थाअनुसार कम्पनीको अधिकृत पुँजी रु २० अर्ब बराबर छ । जारी पुँजी रु २० अर्ब बराबर छ । सो पुँजीलाई प्रतिशेयर रु एक सयका दरका २० करोड थान साधारण शेयरमा विभक्त गरिएको छ । कम्पनीको संस्थापकमा ऊर्जा मन्त्रालयको (५० प्रतिशत), अर्थ मन्त्रालय (३० प्रतिशत) र नेपाल विद्युत् प्राधिकरण (२० प्रतिशत) बराबरको शेयर छ ।

यसअघि प्राधिकरणले आयोजना निर्माणका लागि सम्भाव्य बनाउन सरकारले भायाविलिटी ग्याप फन्डिङ (भिजिएफ) दिनुपर्ने तर्क गर्दै आएको थियो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आफूहरू आयोजना निर्माणका लागि तयार रहेको बताउँदै आउनुभएको थियो ।

प्राधिकरणले सो आयोजनाका लागि नै केन्द्रित गरेर साधारण शेयरसमेत बिक्री गर्न सकिने बताउँदै आएको छ । आयोजनाका कूल लागत रु तीन खर्ब ३१ अर्ब बराबर लाग्ने अनुमान गरिएको छ । रासस

# क्रिप्टोकरेन्सीसम्बन्धी जोखिम विश्लेषण प्रतिवेदन सार्वजनिक

काठमाण्डु । नेपाल राष्ट्र बैंकले क्रिप्टोकरेन्सीसम्बन्धी जोखिम विश्लेषण प्रतिवेदन सार्वजनिक गरेको छ ।

नेपालको विद्यमान कानुनी व्यवस्थाले प्रतिबन्ध लगाएको क्रिप्टो कारोबार वित्तीयरूपमा जोखिमपूर्ण हुने भएकाले यसलाई प्रयोगमा ल्याउन नसकिने निष्कर्षसहित राष्ट्र बैंकले प्रतिवेदन सार्वजनिक गरेको हो ।

"क्रिप्टोकरेन्सीमा लगानी हुँदा विदेशमा लगानी भई पुँजी पलायन हुने, विप्रेषण आप्रवाहमा प्रतिकूल असर पर्नसक्ने, विदेशी विनियम सञ्चिति व्यवस्थापनमा चुनौती हुनेलगायतका जोखिम रहन्छन्", प्रतिवेदनमा भनिएको छ, "समग्र आर्थिक सन्तुलन कायम नहुने, वित्ती स्थायित्वसम्बन्धी जोखिम रहने, मौद्रिक नीति कार्यान्वयनमा जोखिम रहने, ठगी तथा करछलीलगायतका जोखिम रहने भएकाले यसको प्रतिबन्ध आवश्यक छ ।"

क्रिप्टोकरेन्सीका कारोबारबाट देशलाई मात्र नभई यस्तो कारोबारमा संलग्न व्यक्तिलाईसमेत विभिन्न जोखिम रहने राष्ट्र बैंकको भनाइ छ ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा १२ को व्यवस्थाअनुसार राष्ट्र बैंकले क्रिप्टोकरेन्सीमा प्रतिबन्ध लगाउँदै आएको छ । क्रिप्टोकरेन्सीका समर्थकले यसलाई मुद्राका रूपमा लिने गरेका छन् । तर प्रचलित मौद्रिक व्यवस्थामा जस्तो क्रिप्टोकरेन्सी जारी गर्ने कुनै सार्वभौम मुलुक हुँदैन ।



विश्वमा हाल करिब २३ हजार वटा क्रिप्टोकरेन्सी प्रचलनमा रहेको र क्रिप्टोकरेन्सीको कूल बजारमध्ये 'बिटक्वाइन'को मात्र ४२ प्रतिशत हिस्सा रहेको राष्ट्र बैंकले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

त्यस्तै विश्वमा करिब चार सय ५० वटा क्रिप्टोकरेन्सी एक्सचेञ्ज रहेको पनि उल्लेख छ । क्रिप्टोकरेन्सी कारोबार गैरकानुनी रहेको भन्दै राष्ट्र बैंकले पटक-पटक सार्वजनिक सूचना जारी गर्दै आएको छ ।

"क्रिप्टोकरेन्सीमा कुनै देश वा सरकारको प्रत्याभूति र जमानत नहुने, कुनै सुरक्षण नहुने, वित्तीय मध्यस्थकर्ता नहुने, तथा सट्टेबाजी प्रयोजनबाहेक अन्य कुनै पनि उपयोगिता हुँदैन । उक्त अदृश्य वस्तु सर्वस्वीकार्य नभई केही निश्चित समूह मिली आफ्नै निहीत स्वार्थका लागि मात्र जारी गर्ने र प्रयोग गर्ने भइरहेको छ", प्रतिवेदनमा भनिएको छ ।

राष्ट्र बैंकले क्रिप्टोकरेन्सीलाई 'निजी क्षेत्रबाट जारी गरिएको मुद्राका रूपमासमेत कारोबार गर्न सकिने डिजिटल वस्तु'का रूपमा परिभाषित गरेको छ । जसको कारोबार नेपाललगायत विभिन्न देशमा गैरकानुनी हो । यस्तो अभौतिक मुद्रा वित्तीय मध्यस्थकर्ता (मुद्रा निष्काशन गर्ने केन्द्रीय बैंक वा मौद्रिक अधिकारी) बिनै भुक्तानीसम्बन्धी काम गर्न सक्ने गरी जारी गरिएको हुन्छ । यस्तो कार्य गर्न क्रिप्टोकरेन्सीको प्राप्ति तथा खर्चको हिसाब नेटवर्कमा आबद्ध प्रयोगकर्ता आफैँले राख्ने गरेका छन् । जुन विद्यमान व्यवस्थामा केन्द्रीय बैंक वा वित्तीय संस्थाले राख्ने गर्दछ ।

क्रिप्टोकरेन्सी कारोबारीले यसको हिसाबकिताब राख्न 'ब्लकचेन' वा 'डिस्ट्रिब्युटेड लेजर' प्रविधिको प्रयोग गर्ने गर्छन् । 'ब्लकचेन' वा 'डिस्ट्रिब्युटेड लेजर' प्रविधिमा कुनै पनि कारोबार भएको उक्त कारोबारलाई नेटवर्कमा आबद्ध भएका कम्प्युटरलाई जानकारी गराउँछ । क्रिप्टोकरेन्सी मुख्यतः माइनिङ र खरिद गरी प्राप्त गर्न सकिन्छ । रासस

# लगातार चौथो दिन पनि घट्यो नेप्से

टुडे समाचारदाता

काठमाण्डु । साताको तेस्रो कारोबार दिन अर्थात् मंगलबार पनि नेप्से परिसूचक घटेको छ। गत साताको अन्तिम कारोबार दिनदेखि घट्न थालेको सेयर बजारले यस दिन पनि निरन्तरता पाएको छ।

यस दिन नेप्से ५.२० अंकले घटेर १८६६.६८ बिन्दुमा बन्द भएको छ। मंगलबार नेप्से परिसूचकसँगै कारोबार रकम पनि अघिल्लो दिनको तुलनामा घटेको छ। गत कारोबार दिन ९२ करोड २ लाख ४९ हजार ११ रुपैयाँ बराबरको कारोबार भएकोमा उक्त रकम घटेर यस दिन ९१ करोड ७६ लाख १० हजार २९६ रुपैयाँमा सीमित भएको छ।

यस दिन २६४ वटा धितोपत्रको २९ लाख ७१ हजार ९४७ कित्ता सेयर किनबेच भएको हो। मंगलबार कालिन्चोक दर्शनको सेयरमूल्य सर्वाधिक ९.९८ प्रतिशतले बढेको छ। यसदिन उक्त कम्पनीको सेयरमूल्य २५७ रुपैयाँ ८० पैसा पुगेको छ। यस्तै, सानिमा ग्रोथ फण्डको इकाई मूल्य ८.९३ प्रतिशतले बढेर प्रति इकाई मूल्य ८ रुपैयाँ ५ पैसा पुगेको छ।

यसैगरी, यसदिन ८.५ प्रभु बैंक डिवेञ्चर २०८७ को मूल्य सर्वाधिक ९.२९ प्रतिशतले घटेको छ। उक्त डिवेञ्चरको मूल्य ७३८ रुपैयाँ पुगेको छ। यस्तै, सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको सेयरमूल्य ८.३ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य ५७३ रुपैयाँ ९० पैसामा झरेको छ।

त्यस्तै, मंगलबार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये ७ समूहको परिसूचक बढेको छ भने बाँकी ६ समूहको परिसूचक घटेको छ। यस दिन निर्जीवन बीमा समूहको परिसूचक सर्वाधिक १.३९ प्रतिशतले घटेको छ।

मंगलबार शिवम् सिमेन्टको सर्वाधिक कारोबार भएको छ। उक्त कम्पनीको प्रतिकित्ता ४१० रुपैयाँमा ३ करोड ३६ लाख बराबरको सेयर कारोबार भएको हो। यो मूल्य अघिल्लो दिनको तुलनामा ०.९७ प्रतिशतले घटेको हो। सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो सूचीमा एनआइसी एशिया बैंक रहेको छ। उक्त कम्पनीको ६९६ रुपैयाँ ६० पैसामा ३ करोड २८ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

# वरिष्ठ उपाध्यक्षका प्रत्याशी उमेशलाल समूहको उम्मेदवारी दर्ता

टुडे समाचारदाता

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासंघको आसन्न निर्वाचनमा वरिष्ठ उपाध्यक्षका प्रत्याशी उमेशलाल श्रेष्ठ समूहले उम्मेदवारी दर्ता गरेको छ । मंगलबार केन्द्रीय कार्यालयमा पुगेर उम्मेदवारी दर्ता गराएको हो ।

सो समूहबाट जिल्ला तथा नगर उपाध्यक्षमा दिनेश श्रेष्ठ, वस्तुगत उपाध्यक्षमा हेमराज ढकालले उम्मेदवारी दिएका छन्। यही समूहबाट उम्मेदवारी घोषणा गरेका एसोसियट उपाध्यक्षमा उम्मेदवार भरतराज आचार्यले भने वरिष्ठ उपाध्यक्षका अर्का उम्मेदवार अन्जन श्रेष्ठको समूहसँग उम्मेदवारी दर्ता गराएका थिए। उनले साझा उम्मेदवार रहेको बताएका छन्।

उमेशलाल श्रेष्ठ समूहबाट वस्तुगततर्फ उपाध्यक्ष लगायत १४ जना कार्यसमिति सदस्य पदका उम्मेदवारहरूले संयुक्त रूपमा उम्मेदवारी दर्ता गराएको छ। उम्मेदवारी दर्तापछि आफ्नो समूहले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर व्यवसायिक हकहितका विषयहरू उठान गरेकाले जित सुनिश्चित भएको वरिष्ठ उपाध्यक्षका उम्मेदवार उमेशलाल श्रेष्ठले बताए।

ललितपुरका व्यवसायी श्रेष्ठ परिवारमा पहिलो पुस्ताका व्यवसायी हुन्। उनको परिवार राजनीतिमा केन्द्रित रहे पनि उनी उद्योग व्यवसायमा रमाएका छन्। उनी कम्युनिस्ट नेता पुष्पलाल श्रेष्ठ र सहाना प्रधानका छोरा हुन्। उमेशलालले वरिष्ठ उपाध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका छन्। उनी औषधि उद्योग क्वेस्ट फर्मास्युटिकल्स कम्पनी चलाउँछन्।

उनले लामो समयदेखि नेपाल उद्योग वाणिज्य महासंघको विभिन्न भूमिकामा बसेर काम गरेका छन्। उनी पशुपति मुरारकाको कार्यकालमा उद्योग समिति सभापति, भवानी राणाको कार्यकालमा वस्तुगत उपाध्यक्ष थिए भने शेखर गोल्छाको कार्यकालमा अन्जन श्रेष्ठसँग वस्तुगत उपाध्यक्षमा पराजित भएका थिए।

# अरुण तेस्रो परियोजनाका लागि पुनः सर्भे गर्न माग

भोजपुर । नौ सय मेगावाट क्षमताको निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजनाका प्रभावित जग्गाधनीले आफनो क्षेत्रमा पुन सर्भेको माग गरेका छन् ।

सङ्खुवासभाबाट भोजपुर हुँदै पुग्ने चार सय केभी प्रशारण लाइनका टावर निर्माणमा स्थानीयसँग समन्वय नै नगरी काम अगाडि बढाउन खोजिएको भन्दै भोजपुरको टेम्केमैयुङ गाउँपालिकाका जग्गाधनीले पुन सर्भे गर्न माग गरेका हुन् ।

उनीहरू सङ्घर्ष समिति निर्माण गरी विरोत्र उत्रिएका छन् । बस्ती र खेतीयोग्य जमिन नछली सर्भे गर्दा आफूहरू विस्तापित हुने अवस्था आएकाले पुनः सर्भेको माग गरिएको सङ्घर्ष समितिका संयोजक पावीहाङ राईले बताउनुभयो ।

आयोजना निर्माणका विषयमा देखिएका समस्या र चुनौतीका विषयमा छलफल गर्न जिल्ला प्रशासन कार्यालय भोजपुरले सोमबार आयोजना गरेको अन्तरक्रियामा उहाँले राईले आयोजना मुलुकको हितमा भए पनि जबरजस्ती अघि बढाउन खोजिए आफूहरूलाई मान्य नहुने स्पष्ट पार्नुभयो । कार्यक्रममा उनीहरूले बस्ती विस्तापित हुने गरी गरिएको सर्भे परिवर्तन नगरेसम्म टावर राख्न नपाइने अडान राखेका छन् ।

गाउँपालिका अध्यक्ष सरोज बस्नेतले आयोजना र सर्भेका विषयमा सम्बन्धित निकायले उचित समन्वय नगर्दा समस्या देखिएको बताउनुभयो । उहाँले आयोजनाको आइपिओ निष्कासनको समयमा भोजपुरलाई पनि प्रभावित क्षेत्र मान्नुपर्ने माग रहेको बताउनुभयो ।

कार्यक्रममा आयोजनाको निर्माण अवस्थाका बारेमा जानकारी दिइए अनुसार प्रशारण लाइनका लागि टेम्केमैयुङ गाउँपालिकामा १८ वटा टावर पोल निर्माण हुने छन् । सर्भे भए अनुसार टावर निर्माण हुन नहुने, मुआब्जा रकम बढाइनुपर्ने, तारमुनि पर्ने जग्गा र टावरको मुआब्जा एकै साथ वितरण हुनुपर्ने, प्रभावित क्षेत्र घोषणलगायतका सङ्घर्ष समितिको माग छ ।

अन्तरक्रियामा लगानी बोर्ड, विद्युत् प्राधिकरण, इञ्जिनियर, प्रभावित क्षेत्रका जनप्रतिनिधि, सम्बन्धित सरकारी कार्यालयका प्रमुख, जिल्ला समन्वय समिति, सुरक्षा निकाय, अरुण तेस्रो परियोजनासँग सम्बन्धित विज्ञ रहनुभएको थियो ।

जिल्लाको षडानन्द नगरपालिका, भोजपुर नगपालिका र टेम्केमैयुङ गाउँपालिकामा आयोजान अन्तर्गत एक सय टावर निर्माण हुनेछन् । कार्यक्रममा सहभागी जनप्रतिनिधि तथा जग्गाधनीले भोजपुरमा अरुण तेस्रोले लापारवाहीपूर्वक काम गरिरहेको गुनासो गर्दै विगतमा गरिएका सम्झौता समेत आयोजनाले कार्यान्वयन नगरेको गुनासो राख्नुभएको थियो ।

षडानन्द नगरपालिकाका नगर प्रमुख सुरेन्द्रकुमार उदासले अरुण तेस्रो परियोजनाको प्रभावित क्षेत्र भोजपुर पनि भए पनि जल्लाका लागि कुनै पनि विषयमा सहयोग नगरेको बताउनुभयो । "परियोजनाले चाहेमा प्रभावित क्षेत्रमा एक-एक वटा अस्पताल निर्माण गर्दा पनि हुन्छ, तर पनि उसले अहिलेसम्म जिल्लाका लागि कुनै पनि उपलब्धि मुलक काममा सहयोग गरेको छैन", उहाँले भन्नुभयो ।

अरुण तेस्रो आयोजनाले षडानन्द नगरपालिकामा रु दुई करोड ६५ लाख ८३ हजार, भोजपुर नगरपालिकामा रु ६३ लाख ७३ हजार र टेम्केमैयुङ गाउँपालिकामा १४ लाख ४२ हजार गरी रु चार करोड २१ लाख तीन हजार मुआव्जा वितरण गरिसकेको जनाएको छ । रासस


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६ घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६ बस्ने श्री सर्युग मरिता यादवको नाती श्री राजेन्द्र प्रसाद यादवको छोरा श्री सुनिल कुमार यादवको मिति २०७८/१२/०९ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४०२८६६ मा भएको रकम भुक्तानी पाउँ भनी निज मृतककी पत्नी श्रीमती पूनम कुमारीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो अकदावीको सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन ०४१-५९०२६१



## मालपोत कार्यालय, महोत्तरी, जलेश्वरको हकदावी सम्बन्धी ३५ दिने सूचना

पिपरा गा.पा.-५ बस्ने जीतन साहले आफनै नाउँमा रहेको निम्न जग्गा निज जग्गाधनी परलोक भै निजको सबैभन्दा नजदिकका हकदार निज जग्गाधनीको श्रेस्ता कायम नाता पर्ने म भएकोले मेरो नाउँमा नाउँसारी दाखिल खारेज गरी पाउँ भनि द.नं. १०२३९ मिति २०७९।१२।०१ मा यस कार्यालयमा दिएको निवेदनबाट अरु कसैको हकदावी लाग्ने छ छैन बुझ्नु पर्दा यो सूचना प्रकाशित गरिएको छ । निम्नलिखित जग्गा जायजेथामा निवेदक बाहेक अरु कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस कार्यालयमा उजुरी दिन सूचित गरिन्छ । म्याद भित्र कसैको उजुरी दाखिला नभएमा निवेदकको नाउँमा जायजेथा नाउँसार दाखिल भै जाने छ । पछि कसैको उजुरी लाग्ने छैन ।

**घर जग्गाको विवरण**

| गा.वि.स. | वार्ड नं. | कि.नं. | जग्गाको क्षेत्रफल |
|---|---|---|---|
| सहोड्वा | ६ ख | ८३ | ०-१-१२ |
| सहोड्वा | ६ ग | ४२ | ०-१-३ |

यसमा निवेदक ज.ध. जीतन साहको श्रेस्ता कायम माग दावी पेश भएकोमा निज ज.ध.को नाउँमा दर्ता रहेको माथि उल्लेखित जग्गाको श्रेस्ता कायम गर्दा अन्य कोही कसैको हकभोग/जोतभोग भए/नभएको एकिन गर्न जारी ३५ (पैतिस) दिने सार्वजनिक सूचना!

अतः माथि उल्लेखित जग्गाको श्रेस्ता कायम ज.ध. जीतन साहको नाउँमा कायम गर्दा अन्य कोही कसैको हकभोग/जोतभोग भए वा उक्त कित्ता जग्गाहरु अन्यत्र कतै विक्री वितरण भईसकेको भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र आफूसंग स-प्रमाण यस कार्यालयमा आफै वा कुनै कानून व्यवसायी मार्फत सम्पर्क गर्नु हुन अन्यथा कानून बमोजिम भईजाने व्यहोरा समेत अवगत गराईन्छ ।



## साना किसान कृषि सहकारी संस्था लिमिटेड
### रघुनाथपुर, सबैला नगरपालिका-१२, धनुषा
### मधेश प्रदेश

## सिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

**सूचना प्रकाशन मिती २०७९/१२/२२**

श्री साना किसान कृषि सहकारी संस्था लि. रघुनाथपुर, सबैला-१२, धनुषाबाट चालु आ.व.२०७९/८० मा संचालित "धान प्रशोधन उद्योग" आयोजनाका लागि मेशिनरी, उपकरण खरिद गर्नुपर्ने भएकाले तपशिलमा उल्लेख भएका शर्तको अधिनमा रहि सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक आपूर्तिकर्ताहरुले बोलपत्रको लागि रु.३,०००।०० साना किसान कृषि सहकारी संस्था लि. रघुनाथपुर, सबैला-१२, धनुषाको नाममा कृषि विकास बैंक लि., शाखा कार्यालय सबैलामा रहेको खाता नं. १००५४०१८५७७५७०२४ मा जम्मा गरी सक्कल भौचर, स्थायी लेखा नं./मू.अ.कर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, संस्था/फर्म/कम्पनी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थानिय तहमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व.२०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित अन्तिम मिति भन्दा १ दिन अगाडिसम्म निवेदन दिई बोलपत्र फारम खरिद गर्न सक्नेछन् ।
२. आपूर्तिकर्ताले विगत ५ वर्ष भित्र धान प्रशोधन मेशिन आपूर्ति तथा जडान गरेको अनुभव पत्र पेश गर्नुपर्नेछ ।
३. बोलपत्र यस साना किसान कृषि सहकारी संस्था लि. रघुनाथपुर, सबैला-१२, धनुषाको कार्यालयमा मिति : २०८० वैशाख २२ गते दिउँसो १२:०० बजेसम्म दर्ता गराई सक्नु पर्नेछ । ढिला गरी प्राप्त हुन आएका सिलबन्दी बोलपत्र स्वीकार गरिने छैन ।
४. बोलपत्र खोलिएको मिति देखि गणना गरिने गरी बोलपत्रको मान्य अवधि ३० दिनको हुनुपर्ने र कबोल अंकको देहायको रकम जमानत वापत नगद वा बोलपत्र खोलिएको मिति देखि गणना हुने गरी ७५ दिन सम्म मान्य रहने गरी बैंक जमानतपत्र वा जमानत भौचर (कृषि विकास बैंक लि शाखा कार्यालय खाता नं. १००५४०१८५७७५७०२४) संलग्न रहनु पर्नेछ ।
५. दर्ता हुन आएका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस साना किसान कृषि सहकारी संस्था लि. रघुनाथपुर, सबैला-१२, धनुषाको कार्यालयमा मिति २०८० वैशाख २२ गते दिउँसो २:०० बजे खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएपनि पत्र खोल्न रोकिने छैन ।
६. साना किसान कृषि सहकारी संस्था लि.रघुनाथपुर, सबैला-१२, धनुषाले प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, गुणस्तरका आधार मापन गर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।
७. बोलपत्र बुझाउने दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन सोहि समय सम्म बुझाउन सकिनेछ ।

**तपशिल**

| बोलपत्र नं. | विवरण | इकाइ | आवस्यक परिमाण | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| RGN/SKKSS/01/079/080 | धान प्रशोधनका लागि मेसिन तथा उपकरण आपुर्ति तथा जडान | १ थान | १ | २,१३,०००।- | |

# अनलाइन ठगी गर्ने २१ रिहा, दुईमाथि मुद्दा



**टुडे समाचारदाता**

जनकपुरधाम । अनलाइन ठगी गरेको आरोपमा पक्राउ परेका २३ जनामध्ये २१ जना रिहा भएका छन् । धनुषा प्रहरीले मंगलबार २१ जनालाई थुना मुक्त गरेको छ ।

प्रहरीले सोमबार जनकपुरधाम उपमहानगरपालिका पिडारी चोकबाट ९ जना महिला र १४ जना पुरुष गरी २३ जनालाई पक्राउ गरेको थियो । प्रहरीले ३० वटा चालु अवस्थामा र ६० वटा तैयारी अवस्थामा रहेको कम्प्युटर बरामद गरेको थियो ।

उनीहरु जागिरको प्रलोभनमा परी उक्त काममा संलग्न भएका धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिए । उनका अनुसार उनीहरु प्राय युवा उमेरका छन् । लहैलहैमा परेर 'कल सेन्टर'को जागिर गर्न आएका थिए । तर, प्रहरीको प्रारम्भिक अनुसन्धानले उनीहरुले अनलाइनबाट ऋण लिन लगाउने र तिर्न लगाउने काम गरिरहेका थिए । त्यस वापत कम्पनीले उनीहरुले तीन प्रतिशत कमिशन दिने गरेका थिए ।

'कम भूमिका देखिएका र थोरै दिनदेखि काम गरिरहेकाहरुलाई हामीले तारिखमा छोडेका छौं,'उनले भने,'हामीले यस विषयमा विभिन्न कोणबाट अनुसन्धान गर्दै छौं ।' प्रहरीले पर्सा महिनपुर गाउँपालिकाका सत्यान्नद राम र सिरहा लहान नगरपालिका-११ का विजय सिंहमाथि मुद्दा चलाएको छ । उनीहरुमाथि नेपाल राष्ट्र बैंकको २०५८ ऐन अनुसार मुद्दा चलाइएको छ । यी दुबै जनाको संलग्नता माथि सम्म देखिएको एसपी खड्काले बताए ।

'यसमा धेरै समूहको संलग्नता हुन सक्छ । कुन समूह सक्रिय छन्, हामी खोज्दै छौं,'उनले भने,' भारतीय केही व्यक्तिको संलग्नता पनि देखिएको छ । बरामद भएको कम्प्युटरमा चाइनिज फोन्ट पनि देखिएको हुनाले चीनको व्यक्ति पनि संलग्न हुन सक्छ ।'

# फोहर फालेर विरोध

**अनिल तिवारी**

वीरगञ्ज । नेपाल टेलिकमले फाइवर ओछ्याउँदा कालोपत्रे सडक र फुटपाथ खनेर महिनौंदेखि अलपत्र छाडेको भन्दै वीरगञ्ज महानगरपालिकाले टेलिकमको परिसरमा फोहोर थुपारेर विरोध जनाएको छ ।



टेलिकमले कालोपत्रे सडक र फुटपाथ खनेर सडक बिगार्दा नगरवासीले समस्या भोग्नु परेको भन्दै महानगरले निर्माणका लागि पटक-पटक आग्रह गर्दा पनि अटेर गरेपछि श्रीपुरस्थित टेलिकमको क्षेत्रीय कार्यालय परिसरमा सांकेतिक विरोध स्वरुप फोहोर फालेको छ ।

महानगरपालिकाले वीरगञ्जमा सन्चालन गरिरहेको सरसफाइ तथा स्वच्छता अभियानमा टेलिकमले भाँजो हालेको भन्दै महानगरपालिकाका कर्मचारी र नगरप्रहरीसहितको टोलीले ७ ट्र्याक्टर कचरासहितको फोहर टेलिकमको परिसरभित्र लगेर फालेको छ ।

टेलिकमले अप्टिकल फाइवर ओछ्याउने क्रममा बाइपास सडकखण्डको करिब ५ किलोमिटर कालोपत्रे सडक र फुटपाथ खनेर महिनौंदेखि अलपत्र छाडेको छ । खनिएका सडक र फुटपाथ मर्मतका लागि पटक-पटक आग्रह गर्दा पनि अटेर गरेपछि बाध्य भएर टेलिकम परिसरमा कचरा सहितको फोहोर फाल्नु परेको महानगरप्रमुख राजेशमान सिंहले बताए ।

कार्यालयमै फोहर फालेपछि खनेर अलपत्र छाडिएका सडक र फुटपाथ मर्मतका लागि अब टेलिकमलाई दवाब पर्ने मेयर सिंहका स्वकीय सचिव सत्यराज घिमिरेले बताए ।

गत फागुन ३ गते प्रमुख जिल्ला अअधिकारीकै उपस्थितिमा बसेको सरोकारवाला निकायहरुको बैठकमा टेलिकमले खनिएका सडक र फुटपाथ फागुन मसान्त भित्रै मर्मत गरिसक्ने लिखित सहमति गरेको स्वकीय सचिव घिमिरेले स्पष्ट पारे ।

उक्त सहमति कार्यान्वयनका लागि महानगरपालिकाले टेलिकमलाई पटक-पटक ताकेता गर्दै आएको थियो ।

फोहरसहितको ट्र्याक्टर लिएर टेलिकम परिसरमा आफैं पुगेका घिमिरेले भने, ' वीरगञ्ज शहरलाई सफा र सुन्दर बनाउन महानगरले अभियान नै चलाइरहेको छ, यो अवस्थामा टेलिकमले सडक र फुटपाथ खनेर महिनौंदेखि अलपत्र पार्दा बाइपास सडक कुरुप बनेको छ, त्यसलाई पहिलेकै अवस्थामा पुग्ने गरी मर्मत गरिदेउ भनेर पटक पटक आग्रह गर्दा कुनै टेरपुच्छर नलगाएपछि हामी यो अप्रिय कदम चाल्न बाध्य भएका छौं।'

उक्त सहमति पालना गराउनका लागि महानगरपालिकाले जिल्ला प्रशासन कार्यालय पर्सालाई पनि पत्र लखेर आग्रह गर्दा समेत टेलिकमले नटरेको घिमिरेले प्रष्ट पारे ।

घिमिरेले भने,'अब हामीले कति चोटी अनुरोध गर्ने ? हामीसंग अरु कुनै विकल्प नै भएन, नागरिकलाई त महानगरपालिकाले नै काम गरेन भन्ने सन्देश गइरहेको छ, महानगर अब टुलुटुलु हेरेर बस्न सक्दैन, त्यसकारणले गर्दा आज फोहोर ल्याएर टेलिकममा फालिएको हो, अब मिडियाबाट यो विषय टेलिकमको केन्द्रीय कार्यालयमा पुग्नेछ र समस्याको सामधान हुनेछ भन्ने अपेक्षा लिएका छौं ।'

महानगरले सञ्चालन गरेको सफा र सुन्दर शहर बनाउने अभियानमा टेलिकमले भाँजो हालेको पनि उनले आरोप लगाए ।

टेलिकमले खनेर अलपत्र परेको सडक उसैले बनाउनु पर्नेमा बनाउन ढिला गर्दा नगरवासीले लामो समयदेखि समस्या भोग्दै आएका छन् ।

यो सडक खण्डमा नेपाल खानेपानी संस्थान र मोतिहारी अमलेखगंज पेट्रोलियम पाईपलाईनले समेत आफनो योजना कार्यान्वयनका क्रममा सडक खनेका छन् । खानेपानी र पेट्रोलियमले अपेक्षित काम गरे पनि टेलिकमले कामै नगरेपछि आजको कदम चालिएको घिमिरेले बताए ।

# आचार संहिता पालनाको लागि अनुरोध

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको बारा जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा भइरहेको उपनिर्वाचनलाई स्वतन्त्र र निष्पक्ष बनाउन सञ्चारकर्मी एवम् सञ्चारमाध्यमहरुले आचार संहिताको पालना गर्नु पर्ने मधेश मिडिया काउन्सिलले आग्रह गरेको छ ।

काउन्सिलले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै भनेको छ,'कुनै पनि दल तथा उम्मेदवारलाई होच्याएर वा गुणगान गाएर, पक्ष वा विपक्षमा समाचार प्रकाशन/प्रशारण नगर्न मिडिया काउन्सिल मधेश प्रदेश सबैमा आग्रह गर्दछ ।'

त्यसै गरी सामाजिक सञ्जाल मार्फत, यो वा त्यो दल वा दलका उम्मेदवारको प्रचारप्रसारलाई अतिरञ्जना नगर्न नगराउन हुन सञ्चारमाध्यम, पत्रकार र सामाजिक सञ्जाल प्रयोगकर्तालाई मिडिया काउन्सिलले अनुरोध गरेको छ ।

मिडिया काउन्सिलले उपनिर्वाचनलाई मध्यनजर गरी पत्रकार आचारसंहिता अनुगमन गर्ने कार्य शुरु गरिसकेकोसमेत जनाएको छ । सञ्चारमाध्यम, पत्रकार एवं सामाजिक सञ्जालबाट पत्रकार आचारसंहित एवं निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाएमा जानकारी गराउनसमेत विज्ञप्ति मार्फत अनुरोध गरिएको छ ।

# प्रहरी निरीक्षक थापामाथि कारबाहीको माग

**टुडे समाचारदाता**

राजविराज । दिउँसै रक्सी सेवन गरी जिल्ला प्रहरी कार्यालय सप्तरीकै परिसरमा जनता समाजवादी पार्टीका जिल्ला अध्यक्ष केदार यादवमाथि कुटपिट गर्ने प्रहरी अधिकारीमाथि कारबाहीको माग गर्दै विरोध प्रदर्शन गरिएको छ ।



प्रहरी निरीक्षक थापामाथि कडा कारबाहीको माग गर्दै जनता समाजवादी पार्टी सप्तरी जिल्ला समितिले मंगलबारै विरोध प्रदर्शन गरेको छ । उनीहरूले जिल्ला प्रहरी कार्यालय सप्तरीको मूल द्वारमा टायर बालेर प्रर्दशन गरेका छन् ।

अध्यक्ष केदार यादवले साइबर अपराधसम्बन्धी मुद्दामा आरोपिलाई छोड्दिन सिफारिस गर्न पुग्दा जिल्ला अध्यक्ष यादवलाई प्रहरी निरीक्षक थापा मगरले गालीगलौज गर्दै कुटपिट गरेकाले विरोध गर्न बाध्य भएको जसपाका जिल्ला उपसचिव शम्भुकुमार यादवले बताए । प्रदर्शनका कारण प्रहरी कार्यालय वरपरको अवस्था तनावग्रस्त बनेको थियो ।

'इन्स्पेक्टर नवीन थापामगरले के तपाईं सिफारिस गर्न आएको? शत प्रतिशत केटाकै गल्ती छ उनलाई कारबाही हुन्छ भने। अध्यक्ष यादवजीले पहिले अनुसन्धान गर्नुस्, दोषी छ भने कारबाही गर्नुस् भन्नुभयो । इन्स्पेक्टर चर्केर बोलिर हे,' उपसचिव यादवले भने, 'इन्स्पेक्टरले म केही सुन्दिँन म जे गर्छु त्यही हुन्छ भनेर फाइट हानदिए । हान्ने तरिकाले लाग्छ इन्स्पेक्टरले केही खाएका थिए। फोहोर गाली गलौज पनि गरे। प्रहरीले कुटेर उल्टै मोबाइल पनि खोसे र थुनामा राखदिए।',उपसचिव यादवले बताए ।

यता प्रहरी निरीक्षक थापाको कुटपिटबाट अध्यक्ष यादवको टाउकोमा गम्भीर चोट लागेको छ भने उनको राजविराजस्थित गजेन्द्रनारायण सिँह प्रादेशिक अस्पतालमा उपचार भइरहेको जसपा नेपालका विद्यार्थी नेता श्याम कुमार यादवले जानकारी दिए ।

इन्स्पेक्टरलाई तत्काल निलम्बन गर्नुपर्ने जसपाका नेता/कार्यकर्ताको माग छ। प्रहरी रक्षक नभएर भक्षकको रूपमा देखिएकाले आफूहरु प्रदर्शन गरेको उनीहरुले बताए । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश सिंहले अध्यक्ष यादवलाई इन्स्पेक्टर थापामगरले कुटपिट नगरेको दाबी गरे।

'साइबरसम्बन्धी एउटा केसलाई लिएर अध्यक्षजी र इन्स्पेक्टर साबको बीचमा विवाद भएको हो। एउटा बच्चीको फोटो टिकटकमा अश्लील तरिकाले एकजना युवकले राखेको थियो। केटालाई कारबाही गर्न नहुने उनको कुरा थियो। तर बच्चाको इज्जतसँग जोडिएको कुरा भएकाले केटालाई छाड्न मिल्दैन भनेर हाम्रो इन्स्पेक्टरले भने,' डिएसपी सिंहले भने, 'किन हुँदैन भनेर उनी (अध्यक्ष यादव) झर्केर बाहिर निस्किँदा टाउको भित्तामा ठोकिएको कुरा आएको छ । ठोक्किएर उनको टाउकोमा चोट लागेको हो। उनले अहिले कुटेको भन्दै हुनुहुन्छ।'

# काठ बरामद



**टुडे समाचारदाता**

बर्दिबास । महोत्तरीको बर्दिबास नगरपालिका-१० बाट ठूलो परिमाणमा चिरान काठ बरामद गरिएको छ ।

जिल्ला वन कार्यालय महोत्तरीको टोलीले चुरे क्षेत्रमा पर्ने भालुझोडाको विकट क्षेत्रबाट करिब एक सय क्युबिक फिट बराबरका साखु जातका १ सय १० थान चिरान फल्ली नियन्त्रणमा लिएको जनाएको छ ।

जिल्लाको माइस्थान स्थित सशस्त्र वन सुरक्षा शाखा प्रमुख अवतार लामाका अनुसार बरामद काठमध्ये भालुभोडाको भीर खोल्सीमा लुकाई राखिएको अवस्थामा ७५ थान तथा सोही नजिक पर्ने बेवारिसे अवस्थाको गोठघरबाट ३५ थान फल्ली बरामद भएको छ ।

भौगोलिक विकटताका कारण सुरक्षित मानिएको भालुझोडाको जङ्गलबाट काठ बरामद भएको यो पहिलो घटना रहेको वनकर्मीहरुले बताए । गाडीसमेत चल्न नसक्ने भालुझोडा बर्दिबासदेखि करिब २५ किमी सुदूर उत्तरी क्षेत्रमा रहेको वनकर्मचारीले जनाएका छन् ।

बाँके तथा माईस्थानस्थित सब-डिभिजन कार्यालयका प्रमुख रामअशिष यादव र कृष्णकुमार पटेलको कमाण्डमा खटेको सशस्त्र वन रक्षकसहित १८ जनाको गस्तीले तीन दिन लामो सर्च अभियानपछि सोमबार साँझ सो काठ बरामद गरेको जनाइएको छ ।

# फरार अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले क्षीरेश्वरनाथ नगरपालिका-७ बाट अवैध उत्खनन्मा प्रयोग भएको एउटा टिपर नियन्त्रणमा लिएको छ ।

मंगलबार बिहान जलाद खोलाबाट अवैध रूपमा बालुवा उत्खन्न गरी ल्याइरहेको अवस्थामा जनकपुरधामउपमहानगरपाकिला-१ स्थित शुभचोकबाट ना.१ क ९८८३ नं. को टिपरलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

वडा प्रहरी कार्यालय रेल्वे स्टेशनको टोलीले टिपरलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिप्रका धनुषाका अनुसार जिल्ला समन्वय समितिको कार्यालय, जनकपुरधामले टिपरलाई २० हजार जरिवाना गरी कारबाही गर्दै टिपरलाई छाडेको जनाइएको छ ।

यसैबीच जिप्रका धनुषाले विभिन्न मुद्दाका १० जना फरार अभियुक्तलाई पक्राउ गरेको छ । ई.प्र.का. धनुषाधाम, यज्ञभुमी, प्र.चौ. बटेश्वर, अ.प्र.पोष्ट खरिहानी धनुषाबाट खटेको संयुक्त प्रहरी टोलीले जिल्लाको विभिन्न स्थानबाट १० जना फरार अभियुक्तलाई पक्राउ गरेको जिप्रका धनुषाका सूचना अधिकारी वेद प्रकाश गौतमले जानकारी दिएका छन् । पक्राउ परेकाहरुलाई जिल्ला अदालत समक्ष उपस्थिति गराइएको छ ।

# जेसीबी प्रहरीको नियन्त्रणमा

**टुडे समाचारदाता**

लहान । सशस्त्र प्रहरी बल सिरहाले अवैध उत्खन्न गरिरहेको भन्दै चोहर्वाबाट दुईवटा टिपर र एउटा जेसीबी नियन्त्रणमा लिएको छ ।

सिरहाको नरहा गाउँपालिका-३ चोहर्वामा अवैध रुपमा रातिको समयमा ग्राभेल उत्खनन् गरिरहेको अवस्थामा ना १ ख ९७७९ नम्बरको जेसीबी, ना ८ ख ५४५४ र ना ३ ख ८६६२ नम्बरको टिपर सशस्त्र प्रहरी गोलबजारको टोलीले नियन्त्रणमा लिएको छ ।

अवैध रुपमा चोहर्वास्थित वन क्षेत्र नजिकको जग्गाबाट ग्राभेल उत्खनन् गरिरहेको गोप्य सूचनाका आधारमा सशस्त्र प्रहरीको टोलीले सोमबार अबेर राति ११ बजे जेसीबी र टिपर नियन्त्रणमा लिएको सशस्त्र प्रहरी निरीक्षक हेमन्त सिंहले जानकारी दिएका छन् । नियन्त्रणमा लिइएको जेसीबी र टिपरलाई कारबाहीका लागि जिल्ला समन्वय समितिलाई बुझाइएको सिंहले बताए । यसअघि गत फागुन २९ गते जिल्ला समन्वय समिति सिरहाको अनुगमन टोलीले सोही स्थानबाट ग्राभेल उत्खननमा प्रयोग गरिएका तीनवटा स्काइभेटर नियन्त्रणमा लिएको थियो ।



गोलबार नगरपालिका-९ र नरहा गाउँपालिका-३ स्थित चोहर्वा क्षेत्रबाट ४० फिटभन्दा गहिरो खाल्डो खनी अवैध रुपमा ग्राभेल उत्खनन् हुँदै आएको छ ।

खानी दर्ता, उत्खनन्, भण्डारण र सञ्चालन समेतको नियमन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ तर तर नरहा गाउँपालिका अध्यक्ष रामप्रमोद यादवले आफ्नो गाउँपालिकामा अहिलेसम्म कुनै पनि खानी दर्ता नभएको जानकारी दिएका छन् । अवैध उत्खनन् भएकोबारे आफूलाई कुनै जानकारी नै नरहेको उनले बताए । उत्खनन गरेको पाइएमा कडा कारबाही गर्ने उनले चेतावनी समेत दिएका छन् ।

# वडा कार्यालय राख्न विवाद



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-२३ को वडा कार्यालय राख्ने विषयमा विवाद देखिएको छ । स्थानीयको मतभेदका कारण विवाद देखिएको छ ।

बिन्धीस्थित वटेश्वरनाथ मन्दिरको परिसरमा वडा कार्यालय सञ्चालनमा थियो । सीताराम महायज्ञ भएको हुनाले यही चैत ८ गतेदेखि २२ दिनको लागि कार्यालय गोविन्द सेवा समिति स्थित राखिएको छ ।

कार्यपालिका बैठकबाट निर्णय गराइ यहाँ कार्यालय ल्याइएको वडाध्यक्ष राघवेन्द्र साहले जानकारी दिए । तर केही व्यक्तिले राजनीति गरेर वडा कार्यालय सारिएको भन्दै तत्कालीन कार्यालयमा तालाबन्दी गरेपछि विवाद उत्पन्न भएको छ ।

अब एक पक्षले साबिककै ठाउँमा वडा कार्यालय हुनुपर्ने माग गरेका छन् भने अर्को पक्षले तत्काल अहिलेकै ठाउँमा कार्यालय राख्नुपर्ने धारणा राखेका छन् । सोही माग गर्दै उनीहरुले मंगलबार उपमहानगरपालिकामा ज्ञापनपत्रसमेत बुझाएका छन् । वडा बोर्ड र वडा भेलाको निर्णय कायम गर्नुपर्ने माग गरेका छन् ।

वडा कार्यालय भवन निर्माणका लागि पालिका स्तरीयबाट छुट्याइएको बजेट कार्यान्वयनको लागि चैत १८ गते वडा भेलाबाट निर्णय गरिएको थियो । पालिकाले बजेट छुट्याइए पनि कार्यान्वयनमा नल्याएको वडाध्यक्ष साहको गुनासो छ । 'बिन्धीस्थित रहेको कार्यालय साँघुरो छ । र, भाडा पनि तिर्नुपरेको छ,'उनले भने,'हामीले आफ्नै भवन बनाउन खोजेका छौं । पालिकाले बजेट पनि छुट्याएको छ, सो कार्यान्वयन गर्दिनु पर्‍यो ।' गलत मनसायको व्यक्तिले हल्ला फिँजाएर वडाको विषयमा राजनीति गरिरहेको उनले आरोप लगाए ।

लादो र बेलाका वासिन्दाहरुले वार्ड कार्यालय बिन्धी र लादोबेलाको मध्य भागमा हुनुपर्ने माग गरेका छन् । वार्ड कार्यालयको विवाद समाधान गर्दै दुबैतर्फका नागरिकहरुले पायक पर्ने स्थानमा वार्ड कार्यालय स्थापनाको माग गर्दै विरोध प्रदर्शन समेत गरेका छन् ।

# विद्युत चोरी गर्ने पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले विद्युत चोरी (चुहावट) गर्ने ६ जनालाई पक्राउ गरेको छ ।

मंगलबार ईलाका प्रहरी कार्यालय यदुकुहा तथा विद्युत वितरण शाखा यदुकुहाको संयुक्त टोलीले ६ जनालाई नियन्त्रणमा लिएको छ । उनीहरुमाथि विद्युत चोरी गरेको आरोप लगाइएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार ऐन अनुसार जरिवाना गरिनेछ ।

**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।**

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी साझा हितमा प्रयोग गरौं ।
- सार्वजनिकसम्पत्तिकोसंरक्षणगर्नुसबैकोकर्तव्यहो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८